**नेपालको संविधान, २०७२ को दफा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ अनुसार परराष्ट्र मन्त्रालयको देहायबमोजिम सूचना स्वत: प्रकाशन (Proactive Disclosure) गरिएको छ।**

**१) परराष्ट्र मन्त्रालयको स्वरूप र प्रकृतिः**

आधुनिक नेपालको एकीकरणसँगै राजा पृथ्वीनारायण शाहका पालामा तत्कालिन तिब्बत तथा चीनसँगको वैदेशिक सम्बन्ध सञ्चालनका लागि स्थापित जैसी कोठा नेपालको हालको परराष्ट्र मन्त्रालयको प्रारम्भिक रूप हो। त्यसपछि क्रमशः मुन्सीखाना तथा विदेश विभागका नाममा आफ्ना कार्यहरू सञ्चालन गर्दै आएकोमा वि. सं. २००८ (सन् १९५१) मा परराष्ट्र मन्त्रालयको स्थापना भयो। नेपालको संविधान, २०७२ को राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा नेपालको परराष्ट्र नीति सञ्चालन सम्बन्धमा स्पष्ट मार्गदर्शन भएको छ। परराष्ट्र मन्त्रालय अन्तर्गत १५ वटा महाशाखा, २ वटा विभाग, एक सम्पर्क कार्यालय, ३१ वटा राजदूतावास, ३ स्थायी नियोग र १० कन्सुलेट जनरल सञ्चालनमा रहेका छन्। यिनै निकायहरूमार्फत र आफैं यस मन्त्रालयले आफ्नो भूमिका र कार्यहरू सम्पादन गर्दै आएको छ।

**क.) महाशाखाहरूः**

१. सामान्य प्रशासन महाशाखा

२. दक्षिण एसिया महाशाखा

३. उत्तरपूर्व एसिया महाशाखा

४. दक्षिणपूर्व एसिया तथा प्रशान्त महाशाखा

५. मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखा

६. प्रोटोकल महाशाखा

७. युरोप महाशाखा

८. उत्तर तथा दक्षिण अमेरिका महाशाखा

९. अन्तर्राष्ट्रिय सङ्घ सङ्गठन तथा अन्तर्राष्ट्रिय कानून महाशाखा

१०. संयुक्त राष्ट्रसङ्घ तथा विशिष्टिकृत संघसंस्था महाशाखा

११. क्षेत्रीय सङ्गठन महाशाखा

१२. नीति, योजना तथा अनुसन्धान महाशाखा

१३. आर्थिक कूटनीति महाशाखा

१४. श्रम आप्रवासन तथा नेपाली डायस्पोरा समन्वय महाशाखा

१५. सार्वजनिक कूटनीति महाशाखा

**ख.) विभागहरूः**

१. राहदानी विभाग

२. कन्सुलर सेवा विभाग

**ग.) सम्पर्क कार्यालयः**

- सम्पर्क कार्यालय, वीरगञ्ज

**घ.) विदेशस्थित कूटनीतिक नियोगहरू:**

- नेपाली राजदूतावासः ३१
- स्थायी नियोगः ३
- नेपाली कन्सुलेट जनरलः १०


**२) परराष्ट्र मन्त्रालयको काम, कर्तव्य र अधिकारः**

नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ मा परराष्ट्र मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम उल्लेख भएको छ:

- नेपालको परराष्ट्र नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र मूल्याङ्कन;
- विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्रसङ्घ लगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध;
- नेपालस्थित विदेशी नियोगहरूसँग सम्बन्ध, समन्वय एवम् विदेशमा नेपालको कूटनीतिक प्रतिनिधित्व;
- नेपालको अन्तर्राष्ट्रिय सीमा - सम्बन्ध;
- विदेशमा नेपालको प्रतिनिधित्व;
- अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि;
- नेपाल तथा अन्य देशका नागरिकको आ-आफ्नो सरकारबाट व्यक्तिमाथिको दाबा;
- कन्सुलर प्राक्टिस र कन्सुलर सेवा;
- विदेशमा रहेका नेपाली नागरिकहरूको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण;
- अतिथि सत्कार, शिष्टाचार र ओहदाको प्रमाणपत्र;

- अधिकारपत्र (क्रेडेन्सियल);
- आर्थिक तथा विकास कूटनीति;
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति;
- गैरआवासीय नेपाली;
- परराष्ट्र मामिला सम्बन्धमा प्रदेशहरूसँग सम्पर्क र समन्वय;
- कूटनीतिक आचारसंहिता;
- अन्तर्राष्ट्रिय तहमा जनस्तरीय एवम् गैरसरकारी संस्थास्तरीय सम्बन्धको विकास;
- राहदानी, विदेशमा दिइने भिसा;
- कूटनीतिक तहमा हुने वार्ता, सम्झौता र सन्धि;
- विषयगत मन्त्रालयबाट हुने वार्ता, सम्झौता, सन्धि, समझदारीमा सहमति र समन्वय;
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
- नेपाल परराष्ट्र सेवाको सञ्चालन।

**३) परराष्ट्र मन्त्रालयको सङ्गठन संरचनाअनुरुपको कार्यविवरण:**



**कार्यविवरण:**

**परराष्ट्र मन्त्रीको सचिवालयको कार्यविवरण:**

- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त हुन आएका मन्त्रिपरिषद्का प्रस्ताव तथा निर्णयहरू व्यवस्थित गरी माननीय मन्त्रीसमक्ष पेश गर्ने।
- सचिवबाट माननीय मन्त्रीसमक्ष पेश हुने फाइलहरू व्यवस्थित गरी माननीय मन्त्रीसमक्ष पेश गर्ने।
- माननीय मन्त्रीको दैनिक कार्यक्रम तयारी गर्नुको साथै कार्यालयमा हुने बैठकहरूको अग्रिम तयारी गर्ने।
- माननीय मन्त्री उपस्थित हुनुपर्ने सभा, सम्मेलन, बैठक, गोष्ठी, कार्यशालाको टिपोट बनाई मिति, समयसहितको विवरण जानकारी गराउने र निर्धारित मिति र समयमा पुनःस्मरण गराउने व्यवस्था गर्ने।
- माननीय मन्त्रीलाई भेटघाट गर्न आउनुहुने राजदूत, नियोगप्रमुख, विदेशी राजदूत तथा विभिन्न निकायहरूका प्रतिनिधि तथा पदाधिकारीहरूलाई भेटघाटको कार्यक्रम मिलाउने।
- माननीय मन्त्रीको कार्यकक्षमा भएको बैठकको माइन्यूट तयार गर्ने र भएको निर्णय कार्यान्वयनका लागि जानकारी गराउने।
- निर्दिष्ट अन्य कार्य गर्ने।

**परराष्ट्र सचिवको कार्यालयको कार्यविवरण:**

- कार्यविभाजन नियमावलीअनुसार मन्त्रालयसम्बन्धी कार्यहरू सम्पादन गर्न आवश्यक नीति, नियम, योजनाहरू तर्जुमा गरी रायसाथ नेपाल सरकारमा सुझाव पेश गर्ने।
- नेपाल सरकारबाट स्वीकृत परराष्ट्र नीति, नियम, योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने।
- काठमाडौंस्थित विदेशी राजदूत तथा अन्य अन्तर्राष्ट्रिय सङ्घसंस्थाका आवासीय प्रतिनिधिहरूसँगको निरन्तर सम्पर्कबाट द्विपक्षीय एवम् बहुपक्षीय सम्बन्ध विस्तार गर्ने, गराउने।
- विदेशी कूटनीतिक नियोग तथा नेपालस्थित अन्तर्राष्ट्रिय सङ्घसंस्थालाई पर्ने कठिनाइहरूको निवारण गर्ने, गराउने।
- नेपाल सरकारको निर्णयको लागि विभागीय मन्त्रीबाट स्वीकृत विभिन्न विषयसम्बन्धी प्रस्ताव निर्णयार्थ मन्त्रिपरिषद्मा पेश गर्ने।

- नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, सङ्घसंस्थाहरू र परराष्ट्र मन्त्रालयबीच समन्वय गर्ने।
- सुशासन ऐन, कानुन र नियमावलीअनुसार तोकिएका कार्यहरू सम्पादन गर्ने।
- माननीय परराष्ट्र मन्त्रीबाट अधिकार प्रत्यायोजन भएबमोजिम गर्नुपर्ने कार्यहरू सम्पन्न गर्ने।
- मन्त्रालयको दैनिक प्रशासन सञ्चालन गर्ने, गराउने।
- मातहतका पदाधिकारीहरूलाई आवश्यक निर्देशन एवम् सुपरिवेक्षण गर्ने।
- नेपाल सरकारले लगाएका अन्य कार्यहरू गर्ने।

**परराष्ट्र मन्त्रालको महाशाखाहरूको कार्यविवरण:**

**सामान्य प्रशासन महाशाखा**

- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा उल्लेख भएबमोजिम नेपाल परराष्ट्र सेवाको सञ्चालन गर्ने।
- विदेशस्थित नेपाली नियोगहरूमा खटिइजाने राजदूत लगायतका पदाधिकारीहरूको नियुक्ति, काज, विदा, कार्यविवरण, कार्यसम्पादन मूल्याङ्कन लगायतका कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतका निकायहरूमा रिक्त पदमा पदपूर्ति, सरुवा (आन्तरिक तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा समेत) बढुवा, काज, विदा, निवृत्तिभरण, विभागीय कारवाही, अवकाश तथा सेवाका अन्य शर्तसम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालय र अन्तर्गतका निकाय तथा नेपाल सरकारका निकायबाट माग भएबमोजिम आवश्यक जनशक्ति र साधनस्रोतको व्यवस्थापन गर्ने।
- कर्मचारीको गुनासो व्यवस्थापनसम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतका निकायहरूबीच समन्वय, कार्य सम्पादनको मूल्याङ्कन र सुपरीवेक्षण गर्ने।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको कार्यसम्पादनमा चुस्तता, व्यवस्थित जनसम्पर्क तथा सेवा प्रवाहमा प्रभावकारिताको माध्यमबाट सुशासन कायम गर्ने।
- कर्मचारीको कार्यक्षमता अभिवृद्धिको लागि सेवाकालीन र वैदेशिक तालिमको पहिचान गरी आवश्यक तालिम उपलव्ध गराउने व्यवस्था गर्ने।
- परराष्ट्र सेवा सञ्चालनसम्बन्धी योजना, नीति, ऐन, नियम र कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने।
- कर्मचारीको व्यक्तिगत अभिलेख अद्यावधिक गर्ने।

- मन्त्रालय र अन्तर्गतका निकायहरूको मौजुदा सँगठन संरचना, दरबन्दी, कार्यवोझबीच सन्तुलन कायम गर्न समयसमयमा सँगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) गर्ने।
- कूटनीतिक थैली, डिप्लोम्याटिक कार्गो आदि प्राप्ति र चलानीसम्बन्धी सम्पूर्ण कार्य गर्ने।
- मन्त्रालयको वेभसाइट तथा इन्टरनेट सुचारुतबरले सञ्चालनको व्यवस्था मिलाउने।
- मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगका लागि वार्षिक बजेट तर्जुमा गर्ने र रकम निकासाको व्यवस्था तथा अन्य आर्थिक विवरण तयार गरी केन्द्रीय लेखा राख्ने कार्य गर्ने।
- मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने र बेरुजू लगत तयार पार्ने।
- कर्मचारीको पेश्की, बेरुजुका साथै मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगको बेरुजू समेत फछ्र्यौट वा असुल उपर गर्ने गराउने।
- आर्थिक प्रशासनसम्बन्धी ऐन, नियम तथा लेखा राख्ने सम्बन्धमा विदेशस्थित नेपाली नियोगहरूलाई आवश्यक निर्देशन एवं सल्लाह दिने।
- सेवाका लागि आवश्यक जनशक्तिको अनुमान, वृत्तिविकासका कार्यहरू गर्ने।
- सेवाका लागि जनशक्तिलाई आवश्यक अध्ययन, तालिम, वैदेशिक भाषा तालिम गराउने।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको फोकल प्वाइन्टको रुपमा कार्य गर्ने। राष्ट्रिय सतर्कता केन्द्रसँग सम्बन्धित विषयमा फोकल प्वाइन्टको रुपमा कार्य गर्ने।
- हेलो सरकार सम्बन्धी कार्य।
- अड्डा अदालतमा परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरू विरुद्ध परेका मुद्दा मामिलाहरूको प्रतिरक्षा गर्ने। मन्त्रालयसँग सम्बन्धित फैसलाको कार्यान्वयन गर्ने गराउने।
- नेपालमा आयोजना हुने विभिन्न कार्यक्रमका लागि आवश्यक जनशक्ति र स्रोतसाधनको व्यवस्थापन गर्ने।
- विदेशस्थित नेपाली नियोगहरूको लागि आवश्यक पर्ने जग्गा खरिद, भवन खरिद/निर्माण, मर्मत संभार तथा संरक्षण सम्बन्धी दीर्घकालिन योजना तथा रणनीति बनाउने।
- बार्षिक रुपमा नेपाली नियोगहरूको लागि आवश्यक पर्ने जग्गा खरिद, भवन खरिद/निर्माण, मर्मत संभार तथा संरक्षण सम्बन्धी कार्य गर्ने गराउने।

- मन्त्रालय र अन्तर्गतका निकायहरूको चल-अचल सम्पत्ति खरिद, संरक्षण, सम्वर्द्धन र अभिलेख व्यवस्थापनको कार्य गर्ने/ गराउने।
- मन्त्रालयका लागि खरिद गरिएका जिन्सी सामानहरूको यथार्थ लगत राखी यस्ता सम्पतिको विवरण अद्यावधिक गर्ने।
- मन्त्रालयका महाशाखा एवं शाखाहरूलाई आवश्यक पर्ने जिन्सी सामानहरूको माग संकलन एवं खरिद व्यवस्था गर्ने।
- मन्त्रालयको खरिद इकाई सम्बन्धी कार्य गर्ने।
- जिन्सी व्यवस्थापन र निरीक्षणसम्बन्धी कार्य गर्ने।
- नियोगको नाममा रहेका भौतिक सम्पत्तिको व्यवस्थित अभिलेख राख्ने। सार्वजनिक खरिद ऐन एवं नियमावली बमोजिम मन्त्रालय एवं नियोगलाई नियमित रूपमा मालसामान, वस्तु आपूर्ति तथा वितरण।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको व्यवस्थापन परीक्षणसम्बन्धी कार्यहरू गर्ने।
- अन्य महाशाखाहरूलाई नतोकिएको र भैपरी आउने कार्यहरू गर्ने।

**दक्षिण एसिया महाशाखा**

- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको द्विपक्षीय राजनीतिक तथा कूटनीतिक सम्बन्ध विस्तार एवं सुदृढीकरण सम्बन्धी कार्यहरू गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तगर्तका मुलुकहरूसँगको आर्थिक, प्राविधिक, साँस्कृतिक र सामाजिक सहयोगसम्बन्धी कार्यहरू गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका देश र नेपालवीचको द्विपक्षीय सम्बन्धका वारेमा विवरण अद्यावधिक गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), व्दिपक्षीय सम्बन्ध (Bilateral Relations) र तुलनात्मक तथ्याङ्क तालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्वपूर्ण घटनाहरूको नियमित अध्ययन गरी विश्लेषणसहित प्रतिवेदन तयार गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विषयमा आवश्यकताअनुसार भाषण, बक्तव्य, प्रेसविज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्तावेज तयार गर्ने।
- महाशाखाअन्तर्गतका मुलुकहरूसँगको द्विपक्षीय व्यापार संयुक्त लगानी र पारवहनसम्बन्धी आवश्यक कार्य सम्पादन गर्ने।

- महाशाखाअन्तर्गतका देशसँगको सम्बन्धका विविध आयामहरूलाई व्यवस्थित गर्न गठन गरिएका द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultative Mechanisms) लगायत अन्य संयन्त्रहरू सम्बन्धी कार्यहरू गर्ने।
- बदलिँदो विश्व परिवेशमा नेपालले अख्तियार गर्नुपर्ने देशगत नीतिको निर्माण, सञ्चालन तथा कार्यान्वयनका लागि अग्रणी भूमिका निर्वाह गर्ने।
- द्विपक्षीय सम्बन्ध विस्तार एवं सुदृढीकरणका लागि विभिन्न संघसंस्था, स्वदेशी तथा विदेशी बुद्धिजीवी तथा बौद्धिक वर्ग (Think Tank) हरूसँगको अन्तर्क्रिया गराउने।
- नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्य क्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता उच्च प्रतिफलयुक्त क्षेत्रहरू पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारीसम्बन्धी कार्यहरू गर्ने।
- आफ्नो कार्य क्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिवृद्धि गर्ने तथा नेपालको हितप्रवर्द्धनको वातावरण सिर्जना गर्ने।
- नेपाल सरकारका निकायहरूबाट महाशाखासँग सम्बन्धित मुलुक तथा निकायहरूसँग हुने कार्यको समन्वय गर्ने।
- नेपाल-भारत सीमानासम्बन्धी कार्यहरू गर्ने।
- उच्चस्तरीय तथा सरकारीस्तरमा हुने भ्रमणका आदान प्रदानसम्बन्धी कार्यहरू संचालन र सम्पादन गर्ने।
- महाशाखाअन्तर्गतका मुलुकहरूमा उपलव्ध हुने विभिन्न छात्रवृत्ति, तालिम जस्ता अवसरहरूको सदुपयोग गर्नका लागि आवश्यक पहल तथा समन्वय गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र नीति र कूटनीतिक सम्बन्ध एवं कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने।
- महाशाखा अन्तर्गतका नेपाली नियोगहरूलाई आवश्यकता अनुरुप निर्देशन, सुझाव, सहयोग र सूचना उपलव्ध गराउने कार्य।
- एक आपसमा नियोग स्थापना नभएका महाशाखाको कार्यक्षेत्र अन्तर्गत पर्ने मुलुकसँग कूटनीतिक नियोग स्थापना गर्न पहल गर्ने।
- महाशाखाअन्तर्गतका मुलुकहरूसँग जनस्तरको सम्बन्ध विकाससम्बन्धी कार्य गर्ने।

- नेपाल भारत हुँदै तेस्रो देशसम्म पहुचका लागि पारवहन स्थापना सम्वन्धी कार्य गर्ने।
- नेपाल-भारतबीच स्थापित जलस्रोत,ऊर्जा, व्यापार लगायतका द्विपक्षीय संयन्त्रसम्बन्धी कार्य गर्ने।
- महाशाखासंग सम्वन्धित अन्य निर्दिष्ट कार्य गर्ने।

**उत्तरपूर्व एसिया महाशाखा**

- नेपालको निकट छिमेकी मित्रराष्ट्र चीन तथा महत्वपूर्ण द्धिपक्षीय सहयोग गर्ने मित्रराष्ट्र जापानसँग सदियौंदेखि रहिआएको असल छिमेकीपनका साथै सहयोगात्मक र सौहार्दपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउन प्रयत्न गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरू (चीन, जापान, प्रजातान्त्रिक जनगणतन्त्र कोरिया, गणतन्त्र कोरिया र मंगोलिया) सँगको द्विपक्षीय राजनीतिक तथा कूटनीतिक सम्बन्धसम्बन्धी कार्य।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका राष्ट्रहरूसँग नेपालको परराष्ट्र नीतिको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्यहरू गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र र कूटनीतिक सम्बन्ध एवं कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), द्विपक्षीय सम्बन्ध (Bilateral Relations) र तुलनात्मक तथ्याङ्क तालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्वपूर्ण घटनाहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विषयमा भाषण, बक्तव्य, प्रेसविज्ञप्ति, वार्ताका बूँदाहरू (Talking Points) र वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्तावेज तयार गर्ने।
- आफ्नो कार्य क्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिबृद्धि गर्ने तथा नेपालको हितप्रवर्द्धनको वातावरण सिर्जना गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका मुलुकहरूसँगको आर्थिक, प्राविधिक, साँस्कृतिक र सामाजिक सहयोगसम्बन्धी कार्य गर्ने।
- नेपालले अख्तियार गर्दै आएको एक चीन नीतिलाई सरकारका प्रत्येक तहमा यथोचित रुपमा कार्यान्वयन गराउनका लागि सञ्चार तथा समन्वय सम्बन्धी कार्य गर्ने।
- बदलिँदो विश्व परिवेशमा नेपालले अख्तियार गर्नुपर्ने चीन नीतिको निर्माण तथा कार्यान्वयनका लागि अग्रणी भूमिका निर्वाह गर्ने।

- द्विपक्षीय सम्बन्ध विस्तार एवं सुदृढीकरणका लागि सम्बन्धित संघसंस्था, स्वदेशी तथा विदेशी बुद्धिजीवी तथा चिन्तन समुह (Think Tank) हरूसँगको अन्तर्क्रिया गराउने।
- नेपाल र महाशाखाको कार्यक्षेत्रअन्तगर्तका देशहरूबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानलाई नियमित र व्यवस्थित गरी राष्ट्रिय हितमा प्रयोग गर्ने।
- नेपाल सरकारका मन्त्रालयहरूबाट महाशाखासम्बन्धित मुलुकहरू तथा निकायसँग सम्बन्धित कार्यहरूको समन्वय गर्ने।
- चीनको स्वशासित क्षेत्र तिब्बत तथा चीनका विशेष प्रशासकीय क्षेत्रहरू हङकङ र मकाओसँगको नेपालको सम्बन्धलाई थप मजबुत बनाउन प्रयत्न गर्ने।
- नेपाल र चीनबीचको सीमा व्यवस्थापन र सीमा सुरक्षालाई थप व्यवस्थित गर्ने।
- सीमाका वासिन्दाको आर्थिक र सामाजिक स्तर सुधार गर्न आवश्यक पहल गर्ने।
- चीनका विशेष प्रशासकीय क्षेत्रहरू हङकङ र मकाओ तथा नेपाली श्रमशक्तिका लागि आकर्षक रोजगारीको बजारको रूपमा रहेको गणतन्त्र कोरियामा थप रोजगारीका अवसरहरू पहिल्याउन प्रयत्न गर्ने।
- चीनको आर्थिक विकासका साथै अन्तर्राष्ट्रिय सम्बन्धमा यसले खेल्ने भूमिकालाई अध्ययन अनुसन्धान गरी अद्यावधिक प्रतिवेदन तयार गर्ने।
- महाशाखाको कार्यक्षेत्रका देशहरूसँग स्थापित/स्थापना हुने द्विपक्षीय संयन्त्रसम्बन्धी कार्यहरू गर्ने।
- नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्य क्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता उच्च प्रतिफलका क्षेत्र पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारी सम्बन्धी कार्यहरू गर्ने।
- महाशाखाअन्तर्गतका मुलुकहरूमा उपलब्ध हुने विभिन्न छात्रवृत्ति, तालिम जस्ता अवसरहरूको सदुपयोग गर्नका लागि आवश्यक पहल तथा समन्वय गर्ने।
- नेपाल र महाशाखाको कार्यक्षेत्रका देशहरूबीच जनस्तरको सम्बन्ध अभिवृद्धि गर्ने कार्यहरू गर्ने।
- महाशाखाअन्तर्गत रहेका नेपाली नियोगहरूलाई आवश्यकताअनुरुप निर्देशन, सुझाव, सहयोग र सूचना उपलब्ध गराउने कार्य गर्ने।
- उच्चस्तरीय तथा सरकारीस्तरमा हुने भ्रमणका आदान प्रदानसम्बन्धी कार्यहरू संचालन र सम्पादन गर्ने।

- महाशाखासंग सम्वन्धित अन्य निर्दिष्ट कार्य गर्ने।

**दक्षिणपूर्व एसिया तथा प्रशान्त महाशाखा**

- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका राष्ट्रहरूसँग नेपालको परराष्ट्र नीति तर्जुमा एवं कार्यान्वयन सम्बन्धी कार्य गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका दक्षिणपूर्व एसियाका मुलुकहरू र प्रशान्त क्षेत्रका मुलुकहरूसँगको द्विपक्षीय राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, प्राविधिक, तथा जनस्तरको सम्बन्ध विस्तार एवं सुदृढीकरण सम्बन्धी कार्य गर्ने।
- नेपाल र महाशाखाको कार्यक्षेत्रअन्तगर्तका देशहरूबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानलाई नियमित र व्यवस्थित गरी राष्ट्रिय हितमा प्रयोग गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका राष्ट्रहरूसँग स्थापना भएका द्विपक्षीय संयन्त्रहरूलाई सक्रिय तुल्याउने र आवश्यकता अनुसार नयाँ संयन्त्र स्थापना गरी राष्ट्रिय हितको प्रवर्द्धनलाई सुनिश्चित गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), द्विपक्षीय सम्बन्ध (Bilateral Relations), तुलनात्मक तथ्याङ्क तालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्वपूर्ण घटनाहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विषयमा भाषण, बक्तव्य, प्रेसविज्ञप्ति, वार्ताका बुंदा (Talking Points, Press Release, Briefs, Statement, Records of Talks) लगायतका दस्तावेज तयार गर्ने।
- नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्य क्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटन जस्ता उच्च प्रतिफलका क्षेत्र पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारी गर्ने एवं अल्पकालीन दीर्घकालीन रणनीति तयार गर्ने सम्बन्धी कार्यहरू गर्ने।
- आफ्नो कार्य क्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी नेपालको छविलाई अन्तर्राष्ट्रिय जगतमा अभिबृद्धि गर्ने तथा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने।
- नेपालमा राजदूतावास, कूटनीतिक नियोग नरहेका महाशाखाको कार्य क्षेत्रअन्तर्गतका मुलुकहरूका राजदूतावास, कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र र कूटनीतिक सम्बन्ध एवं कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई आवश्यक परामर्श दिने।

- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूको परराष्ट्र नीति र कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने।
- महाशाखाअन्तर्गतका मुलुकहरूबाट नेपाललाई उपलब्ध हुने छात्रवृत्ति, तालिमजस्ता अवसरहरू प्राप्त गरी नेपाल सरकारका सम्बन्धित निकायहरूमा पठाउने र त्यस्ता अवसरहरूको समुचित उपयोगको व्यवस्था मिलाउने कार्य।
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका मुलुकहरूमा बसोबास एवं कामकाज गर्ने नेपालीहरूको हकहित र कल्याण अभिवृद्धि सम्बन्धी कार्यहरू गर्ने।
- नेपाल सरकारका मन्त्रालयहरूबाट महाशाखासँगसम्बन्धित मुलुकहरू तथा निकायसँग भएको कामको समन्वय गर्ने।
- महाशाखाको कार्यक्षेत्रभित्र पर्ने मुलुकहरूको नेपालमा रहेका राजदूतावासहरूसँग निकट सम्पर्कमा रही आपसी हितका विषयमा सहजीकरण र समन्वय गर्ने।
- महाशाखाअन्तर्गत रहेका नेपाली कूटनीतिक नियोगहरूलाई आवश्यकताअनुरुप निर्देशन, सुझाव, सहयोग र सूचना उपलव्ध गराउने कार्य सम्पादन गर्ने।
- अन्य निर्दिष्ट कार्यहरू गर्ने।

**मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखा**

- महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्रहरूसँग नेपालको परराष्ट्र नीति तर्जुमा, सफल सञ्चालन तथा कार्यान्वयनसम्बन्धी कार्यहरू गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूको परराष्ट्र नीतिका बारेमा अवधारणापत्र तयार गर्ने र अद्यावधिक गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), द्विपक्षीय सम्बन्ध (Bilateral Relations) र तुलनात्मक तथ्याङ्कतालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्त्वपूर्ण घटनाहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्ताबेज तयार गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र नीति र कूटनीतिक सम्बन्ध एवम् उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई आवश्यक परामर्श उपलब्ध गराउने।

- महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देश र नेपालबीचको द्विपक्षीय सम्बन्धका बारेमा विवरण अद्यावधिक गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूमा घटेका महत्त्वपूर्ण घटना र विकसित घटनाक्रमहरूको नियमित अनुगमन गर्नुको साथै विश्लेषणात्मक अध्ययन गरी प्रतिवेदन तयार गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रही नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना नभएका मुलुकहरूसँग कूटनीतिक सम्बन्ध स्थापनाको पहल गर्ने।
- उच्चस्तरीय तथा सरकारीस्तरमा हुने भ्रमण आदानप्रदानसम्बन्धी कार्य गर्ने।
- वैदेशिक रोजगारीको अभिवृद्धि गर्ने र तत्सम्बन्धमा पर्ने समस्या निराकरणका लागि विदेशस्थित नेपाली नियोगहरू, नेपालस्थित विदेशी कूटनीतिक नियोगहरू र अन्य सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय गर्ने।
- आफ्नो कार्यक्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिवृद्धि गर्ने तथा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने।
- नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता आर्थिक कूटनीतिका उच्च प्रतिफल भएका क्षेत्रहरू पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारीसम्बन्धी कार्यहरू गर्ने।
- नेपालमा राजदूतावास/नियोग नरहेका महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूका राजदूतावास, कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने।
- नेपाली राजदूतावास/नियोग नभएका महाशाखाका कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूमा नेपाली राजदूतावास/नियोग स्थापना गर्न पहल गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूमा नेपाली विद्यार्थीहरूलाई अध्ययनको अवसर उपलब्ध गराउन प्रयास गर्ने।
- महाशाखाको कार्यक्षेत्रमा बसोबास एवम् कामकाज गर्ने नेपालीहरूको हकहित र कल्याण अभिवृद्धिसम्बन्धी कार्यहरू गर्ने।
- नेपाल र महाशाखाको कार्यक्षेत्रका देशहरूबीच जनस्तरको सम्बन्ध अभिवृद्धि गर्ने कार्यहरू सम्पादन गर्ने।
- नेपाल सरकारले समयसमयमा निर्णय वा निर्देशन गरेका अन्य कार्यहरू सम्पादन गर्ने।

- महाशाखासंग सम्वन्धित अन्य निर्दिष्ट कार्य गर्ने।

**शिष्टाचार महाशाखा**

- नेपाली राजदूतहरू र सैनिक सहचारीहरूको नियुक्तिको लागि सम्बन्धित मुलुकहरूबाट सहमति प्राप्त गर्न कूटनीतिक पत्राचार गर्ने, नव नियुक्त राजदूतहरूको ओहदाको प्रमाणपत्र तयार गर्ने एवं नेपालका लागि विदेशी राजदूतहरू र सैनिक सहचारीहरू नियुक्त गर्न मित्रराष्ट्रहरूले गरेको प्रस्तावमा नेपाल सरकारको तर्फबाट सहमति प्रदान गर्ने।

- नेपालका लागि राजदूत-नियुक्त कूटनीतिज्ञहरूलाई राष्ट्रपतिसमक्ष ओहदाको प्रमाणपत्र पेश गर्ने व्यवस्था मिलाउने।

- मित्रराष्ट्रहरूको राष्ट्रिय दिवसको उपलक्ष्यमा नेपालका राष्ट्रप्रमुख र सरकार प्रमुखहरूको तर्फबाट बधाइ तथा शुभकामना सन्देशहरू पठाउने; सोही अवसरमा आयोजना हुने स्वागत समारोहमा नेपाल सरकारको तर्फबाट प्रमुख अतिथिको उपस्थिति सुनिश्चित गराई उपस्थितिका समयमा सहजकर्ताको काम गर्ने।

- नेपालका अति विशिष्ट एवं विशिष्ट पदाधिकारीलाई प्राप्त हुने र उहाँहरूले आ-आफ्ना समकक्षीलाई पठाउनु हुने चिठ्ठीपत्र, सन्देश र शुभकामनाहरू दुवैतर्फका उच्च गन्तव्य स्थानमाहरूमा सम्प्रेषण गर्ने।

- विदेशी राष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध स्थापना सम्बन्धी कार्य गर्ने।

- विदेशी मित्रराष्ट्रले नेपालमा अवैतनिक बाणिज्यदूत नियुक्त गर्न गरेको प्रस्तावमा स्वीकृति प्रदान गर्न आवश्यक तयारी पूरा गरी नेपाल सरकारको तर्फबाट सहमति प्रदान गर्ने एवं नियुक्तिपत्र (Letter of Commission) प्राप्त भएपछि स्वीकृतिपत्र (Exequatur) जारी गर्ने र नेपाल सरकारले विदेशस्थित विभिन्न मुलुक र शहरका लागि नियुक्त गर्ने अवैतनिक बाणिज्यदूत/महाबाणिज्यदूतको लागि सम्बन्धित मुलुकबाट सहमति प्राप्त गरी नियुक्तिपत्र (Letter of Commission) तयार गरी पठाउने।

- नेपालमा रहेका विदेशी कूटनीतिक नियोगहरू र अन्तर्राष्ट्रिय संघ संस्थाहरूको विवरण र विदेशमा रहेका नेपाली नियोगहरूको विवरण अद्यावधिक गरी हरेक वर्ष डिप्लोमेटिक लिष्ट प्रकाशन गर्ने; विदेशी नियोग र पदाधिकारीहरू एवं आश्रित परिवारका सदस्यहरूको लागि नेपालमा सुरक्षा व्यवस्था मिलाउन नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने, शिष्टाचार अभ्यास र कन्सुलर सम्बन्ध सम्बन्धी आवश्यक विवरण संलग्न गरी नेपाल सरकारको शिष्टाचार एवं कन्सुलर पुस्तिका (Protocol and Consular Handbook) प्रकाशन र अध्यावधिक गर्ने एवं कूटनीतिक आचार संहिताको पालना सम्बन्धी काम गर्ने।

- नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री एवं परराष्ट्र मन्त्रीले मित्रराष्ट्रहरू र क्षेत्रिय एवं अन्तर्राष्ट्रिय संगठनहरूको औपचारिक कामको सिलसिलामा विदेश भ्रमण गर्नुहुँदा एवं उहाँहरूका समकक्षी र अन्य

पदाधिकारीहरूले नेपालको औपचारिक भ्रमण गर्नुहुँदा नेपाल सरकारबाट कार्यक्रम स्वीकृत गराउने, भ्रमणका कार्यक्रमहरू तयार गरी कार्यक्रम पुस्तिका तयार गर्ने; स्वागत समारोह र आवास, खानपीन, यातायातको सुविधा, औपचारिक भोजहरू र उपहार लगायतका शिष्टाचार एवं आतिथ्यता कूटनीतिक प्रचलनबमोजिम हुने व्यवस्था सुनिश्चित गराउने र नेपालमा हुने भ्रमणका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने।

- विशिष्ट विदेशी पदाधिकारीहरूको प्रयोगको लागि अन्तर्राष्ट्रिय एवं आन्तरिक विमानस्थल कार्यालयहरूमा विशिष्ट कक्ष उपलव्ध गराउने।
- नेपालको औपचारिक भ्रमणमा आउने विशिष्ट विदेशी पदाधिकारीको लागि सुरक्षा प्रदान गर्न गृह मन्त्रालयलाई र दिवाभोज, रात्रीभोज आयोजना गर्न र अन्य कार्यक्रमहरू आयोजना गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालय वा अन्य निकायलाई सहयोग र सल्लाह प्रदान गर्ने।
- महाशाखासंग सम्वन्धित अन्य निर्दिष्ट कार्य गर्ने।

**युरोप महाशाखा**

- युरोपेली मुलुकहरू एवं युरोपियन युनियनसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध विकास र विस्तार गर्न क्रियाशील रहने।
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका राष्ट्र एवं संस्थाहरूसँग द्विपक्षीय उच्चस्तरका भ्रमण तथा वार्ताहरू सम्बन्धी कार्य गर्ने।
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका राष्ट्र एवं संथाहरूको परिचय (Brief), नेपालसँगको द्विपक्षीय सम्बन्ध (Bilateral Relations), तथ्याङ्क तालिका (Fact Sheet) आदि तयार/अद्यावधिक गर्ने।
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका राष्ट्र एवं संथाहरूको परराष्ट्र नीतिको अध्ययन गरी नेपालको रणनीति तयार /अद्यावधिक गर्ने।
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका राष्ट्रहरूसँग नेपालको व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन गर्नका लागि नेपालका सम्वन्धित निकायहरूसँग समन्वय गरी आवश्यक भूमिका निर्वाह गर्ने।
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका राष्ट्रहरूमा रहेका नेपालीहरूको हक हितलाई सम्वर्द्धन तथा प्रवर्द्धन गर्नका लागि आवश्यक पहल गर्ने।
- महाशाखाको कार्यक्षेत्र अन्तर्गतका देशहरूमा घटेका महत्वपूर्ण घटनाहरूको नियमित रुपले विश्लेषण गरी प्रतिवेदन तयार गर्ने।

- नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना नभएका महाशाखाको कार्यक्षेत्र अन्तर्गत पर्ने मुलुकहरूसँग कूटनीतिक सम्बन्ध स्थापना गर्न पहल गर्ने।
- युरोपेली राष्ट्र तथा युरोपियन युनियनसँग कूटनीतिक माध्यमद्धारा आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने एवं नेपालको छवि अभिबृद्धि गर्ने।
- वैदेशिक रोजगारलाई अभिवृद्धि गर्ने र तत्सम्बन्धमा पर्ने समस्या निराकरणका लागि विदेशस्थित नेपाली नियोगहरू, नेपालमा रहेका ती देशका कूटनीतिक नियोगहरू र सरोकारवाला निकायहरूसँग सम्वाद र समन्वय सम्बन्धी कार्य गर्ने।
- आफ्नो कार्यक्षेत्र अन्तर्गतका विषयमा भाषण, बक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), (Records of Talks) लगायतका दस्तावेज तयार गर्ने।
- युरोपमा हुने नेपालका विभिन्न तह र निकायका बैठकहरूको संयोजन तथा समन्वय गर्ने र छलफल भएका विषयवस्तुको अभिलेखीकरण गर्ने।
- नेपालको आर्थिक विकासका लागि युरोप तथा युरोपियन युनियनसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटन जस्ता उच्च प्रतिफलका क्षेत्र पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारी सम्बन्धी कार्यहरू गर्ने।
- नेपालमा राजदूतावास/कूटनीतिक नियोग नरहेका युरोपेली मुलुकहरूका राजदूतावास /कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने।
- नेपाली राजदूतावास/ नियोग नभएका युरोपेली मुलुकहरूमा आवश्यकताका आधारमा नेपाली राजदूतावास/ नियोग स्थापना गर्न पहल गर्ने।
- नेपाल र महाशाखाको कार्यक्षेत्रका देशहरूबीच जनस्तरको सम्बन्ध अभिवृद्धि गर्ने कार्यहरू सम्पादन गर्ने।
- महाशाखासंग सम्वन्धित अन्य निर्दिष्ट कार्यहरू गर्ने।

**उत्तर तथा दक्षिण अमेरिका महाशाखा**

- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध विकास र विस्तार गर्न क्रियाशील रहने।
- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूसँग द्विपक्षीय उच्चस्तरीय भ्रमण तथा वार्ताहरू सम्बन्धी कार्य गर्ने।
- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूको परिचय (Brief), नेपालसँगको द्विपक्षीय सम्बन्ध (Bilateral Relations), तथ्याङ्क तालिका (Fact Sheet) आदि तयार /अद्यावधिक गर्ने।

- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूको परराष्ट्र नीतिको अध्ययन गरी नेपालको रणनीति तयार र अद्यावधिक गर्ने।

- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूसँग नेपालको व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन गर्नका लागि नेपालका सम्वन्धित निकायहरूसँग समन्वय गरी आवश्यक भूमिका निर्वाह गर्ने।

- शाखाको कार्यक्षेत्र अन्तर्गतका विषयमा भाषण, बक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्तावेज तयार गर्ने।

- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूसँग हुने नेपालका विभिन्न तह र निकायका बैठकहरूको संयोजन तथा समन्वय गर्ने र छलफल भएका विषयवस्तुको अभिलेखीकरण गर्ने।

- शाखाको कार्यक्षेत्र अन्तर्गतका राष्ट्रहरूमा रहेका नेपालीहरूको हक हितलाई सम्वर्द्धन तथा प्रवर्द्धन गर्नका लागि आवश्यक पहल गर्ने।

- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूमा घटेका महत्वपूर्ण घटनाहरूको नियमित रुपले विश्लेषण गरी प्रतिवेदन तयार गर्ने।

- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूसँग कूटनीतिक माध्यमद्धारा आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने एवं नेपालको छवि अभिबृद्धि गर्ने।

- उत्तर र दक्षिण अमेरिकी मुलुकहरूमा वैदेशिक रोजगारलाई अभिवृद्धि गर्ने र तत्सम्बन्धमा पर्ने समस्या निराकरणका लागि विदेशस्थित नेपाली नियोगहरू, नेपालमा रहेका ती देशका कूटनीतिक नियोगहरू र सरोकारवाला निकायहरूसँग सम्वाद र समन्वय सम्बन्धी कार्य गर्ने।

- नेपालको आर्थिक विकासका लागि उत्तर र दक्षिण अमेरिकी मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटन जस्ता उच्च प्रतिफलका क्षेत्र पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारी सम्बन्धी कार्यहरू गर्ने।

- नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना नभएका उत्तर र दक्षिण अमेरिकी मुलुकहरूसँग कूटनीतिक सम्बन्ध स्थापना गर्न पहल गर्ने।

- नेपालमा राजदूतावास/कूटनीतिक नियोग नरहेका उत्तर र दक्षिण अमेरिकी मुलुकहरूका राजदूतावास/कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने।

- नेपाली राजदूतावास/नियोग नभएका महाशाखाका कार्यक्षेत्र अन्तर्गतका मुलुकहरूमा आवश्यकताका आधारमा नेपाली राजदूतावास/नियोग स्थापना गर्न पहल गर्ने।

- महाशाखाको कार्यक्षेत्रअन्तगर्तका मुलुकहरूसँगको आर्थिक, प्राविधिक, साँस्कृतिक र सामाजिक सहयोगसम्बन्धी कार्यहरू गर्ने।
- नेपाल र शाखाको कार्यक्षेत्रका देशहरूबीच जनस्तरको सम्बन्ध अभिवृद्धि गर्ने कार्यहरू सम्पादन गर्ने।
- अन्य निर्दिष्ट कार्यहरू गर्ने।

**अन्तर्राष्ट्रिय सङ्घ सङ्गठन तथा अन्तर्राष्ट्रिय कानून महाशाखा**

- अन्तर्राष्ट्रिय कानूनप्रति मुलुकको प्रतिबद्धता र दायित्वबोधको प्रदर्शन गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छबी प्रवर्द्धन गर्ने।
- संयुक्त राष्ट्रसंघ महासभाको छैठौं (कानुन) समितिमा छलफल तथा निर्णय हुने विषयहरूमा परामर्श दिने तथा विभिन्न रिजोलुसन अन्तर्गतका प्रतिवेदनहरू पेश गर्न समन्वय गर्ने।
- अन्तर्राष्ट्रिय न्यायालय अन्तर्राष्ट्रिय कानून परिषद तथा अन्य विभिन्न न्यायिक निकायहरूसंग सम्पर्क कायम गर्ने र आवश्यकता अनुसार समन्वय गर्ने।
- शरणार्थीसम्बन्धी विषयमा आवश्यक समन्वय र सहजीकरणका कार्य गर्ने।
- संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद्को विभिन्न निकायहरूबाट नेपालको मानव अधिकारस्थितिका बारेमा उठाइएका मुद्धाहरूको सम्बन्धमा नेपाल सरकारको आधिकारिक धारणा/प्रतिक्रिया सम्बद्ध सबै सरकारी निकायहरूको समन्वयमा तयार गर्न आवश्यक कार्य गर्ने।
- जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि, महिला हिंसाविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, बाल अधिकारसम्बन्धी महासन्धिलगायतका अन्तर्राष्ट्रिय मानवअधिकारसँग सम्बन्धित विषयहरूमा नेपालको दृष्टिकोण प्रस्तुत गर्ने।
- कुनै नयाँ विषय वा क्षेत्रमा अन्तर्राष्ट्रिय कानून निर्माणको प्रकृयामा नेपाल सहभागी हुने नहुने विषयमा परामर्श दिने।
- विषयगत मन्त्रालयबाट हुने वहुपक्षीय वार्ता, सम्झौता, सन्धि, समझदारीमा सहमति तथा समन्वय सम्बन्धी बहुपक्षीय सन्धि, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर ,सम्मिलन, स्वीकृति, समर्थन अन्तर्राष्ट्रिय संघ संस्थाको सदस्यता प्राप्तिको विषयमा परामर्श गर्ने।
- नेपाल पक्ष भएको तथा हुने प्रक्रियामा रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको दर्ता अभिलेखनमा समन्वय गर्ने।

- नेपालसँग सरोकार राख्ने सार्वजनिक वा निजी अन्तर्राष्ट्रिय कानूनको प्रश्नमा राय परामर्श दिने, अन्तर्राष्ट्रिय कानूनी विवाद, मुद्दाहरूमा राय परामर्शसँग सम्बन्धित कार्य।
- अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान सम्बन्धी विषयहरूमा परामर्शसम्बन्धी कार्य।
- कुनै विषयगत मन्त्रालय फोकल पोइन्ट रहने गरी नतोकिएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको हकमा फोकल पोइन्टको रूपमा कार्य गर्ने।
- नेपाल सरकारको निर्णयले द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौता समझदारी पत्रमा हस्ताक्षर गर्न पूर्ण अधिकार (full powers) को उपकरण (credential) तयार तथा जारी गर्ने।
- विभिन्न अन्तरसरकारी संघ संगठनहरूलाई प्रदान हुने कूटनीतिक सूविधा तथा उन्मुक्तिका विषयमा राय/परामर्श दिने सम्बन्धी कार्य गर्ने।
- नेपाल सदस्य नभएका विभिन्न अन्तर्राष्ट्रिय अन्तरसरकारी संघ संस्थाहरूको सदस्यता लिन पहल गर्ने र ती निकायहरूसँग सम्वन्ध विकास गर्ने कार्य गर्ने।
- नेपाल पक्ष भएका महासन्धि/अभिसन्धिहरूको कार्यान्वयन स्थितिको सम्बन्धमा आवधिक राष्ट्रिय प्रतिवेदन तयार गर्ने सिलसिलामा समन्वय गर्ने र सम्बद्ध सरकारी निकायहरूलाई आवश्यक राय परामर्श दिने।
- नेपाल सरकार वा नेपाल राज्य पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय करारको पालना तथा पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा राय परामर्श दिने।
- महाशाखाको कार्य क्षेत्र अन्तर्गतका निकायहरू तथा विषयमा संक्षिप्त विवरण (Brief) तथा तथ्याङ्क तालिका (Fact Sheet) तयार गर्ने र ती निकाय तथा विषयको सन्दर्भमा विकसित घटनाक्रमहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने कार्य।
- नेपाल सरकार वा नेपाल राज्य पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय करारको पालना तथा पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा राय परामर्श दिने।
- यस महाशाखासँग सम्बन्धित संघ संस्थाहरूमा हुने निर्वाचनमा नेपालको लागि समर्थन जुटाउन पहल गर्ने तथा अन्य राष्ट्रलाई समर्थन गर्ने विषयमा अन्य मन्त्रालय एवं विदेशी राजदूतावासहरूसँग समन्वय गरी निर्णयका लागि पेश गर्ने।
- यस महाशाखासँग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थाहरूलाई बुझाउनु पर्ने सदस्यता शुल्क भुक्तानी गर्न नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने।

- अन्तर्राष्ट्रिय संघसँगठन तथा अन्तर्राष्ट्रिय कानून महाशाखाबाट सम्पादन हुने कार्यसँग सम्बन्धित विषयमा कुनै गैरसरकारी संघसंस्था दर्ता गर्न राय परामर्श माग भई आएमा राय परामर्श दिने।
- महाशाखाको कार्यक्षेत्र भित्रका अन्तर्राष्ट्रिय चासो र महत्वका समसामयिक विषयहरूमा नेपाल सरकारको दृष्टिकोण तथा आवश्यकता अनुसार आधिकारिक बक्तव्य तयार गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूको बैठक, सभा, सम्मेलन आदि नेपाल सरकारका सम्बद्ध निकायसमेतसँग समन्वय गरी प्रतिनिधित्व गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका बहुपक्षीय निकायहरूसँगको सम्बन्धका वारेमा संक्षिप्त विवरण अद्यावधिक गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका निकायहरूमा भएका र हुने महत्वपूर्ण कार्यहरूको नियमित अनुगमन गर्ने र विकसित घटनाक्रमको विश्लेषणात्मक अध्ययन गरी प्रतिवेदन तयार गर्ने।
- राष्ट्रप्रमुख, सरकार प्रमुख, परराष्ट्र मन्त्री लगायतका विशिष्ट व्यक्तिहरूले भाग लिने अन्तर्राष्ट्रियसभा, सम्मेलन, गोष्ठी, बैठक आदिमा दिइने भाषण, सम्बोधन र बक्तव्यहरू आवश्यकताअनुसार तयार पार्ने।
- महाशाखाको कार्य क्षेत्रसँग सम्बन्धित उच्चस्तरीय भ्रमणहरूको व्यवस्थापन/ समन्वय गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका विदेशस्थित नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिबृद्धि गर्न जोड दिने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका संघसंस्थाहरूसँग कूटनीतिक माध्यमद्वारा सम्पर्क र समन्वय गरी नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने।
- अन्तर्राष्ट्रिय कानूनसँगसम्बन्धित राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, कार्यशाला आदिमा नेपालको प्रतिनिधित्व गर्नुको साथै नीतिगत विषयको सम्बन्धमा आवश्यक कार्य गर्ने तथा अन्तर्राष्ट्रिय कानूनको सम्बन्धमा परिआएका अन्य कार्य गर्ने।
- नेपाल सदस्य रहेका विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूको बैठक, सभा, सम्मेलन आदिमा नेपाल सरकारका सम्बद्ध निकाय समेतसँग समन्वय गरी प्रतिनिधित्व गर्ने।
- परराष्ट्र मन्त्रालयसँग सम्झौता गरी नेपालमा क्षेत्रीय कार्यालय स्थापना गरेर काम गरिरहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सम्झौता नवीकरणसम्बन्धी कार्य तथा त्यस्ता संस्थामा काम गर्ने विदेशी नागरिकहरूलाई भिसा सिफारिश गर्ने सम्बन्धी कार्य सम्पादन गर्ने।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहजीकरण समिति र केन्द्रीय सल्लाहकार समितिको बैठकमा भाग लिई परराष्ट्र मन्त्रालयको तर्फबाट धारणाहरू प्रस्तुत गर्ने।

- सम्पत्ति शुद्धीकरण निवारण र AML/CFT सम्बन्धमा मन्त्रालयको तर्फबाट अन्तर निकाय समन्वय तथा सहकार्य गर्ने।
- अन्य निर्दिष्ट कार्य गर्ने।

**संयुक्त राष्ट्रसंघ तथा विशिष्टिकृत संघ संस्था महाशाखा**

- संयुक्त राष्ट्रसंघको महासभा तथा यसका मूल समिति (Main Committee) हरू (क) निशस्त्रीकरण तथा अन्तर्राष्ट्रिय शान्ति समिति, (ख) आर्थिक तथा वित्तीय समिति, (ग) सामाजिक, मानवीय तथा सांस्कृतिक समिति, (घ) विशेष राजनीतिक तथा डिकोलोनाइजेसन समिति र (ङ) प्रशासनिक तथा बजेट समिति तथा महासभाका सहायक संस्थाहरू (Subsidiary organs) सँग सम्बन्धित कार्यहरू।
- संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद (Security Council) र आर्थिक तथा सामाजिक परिषद (Economic and Social Council) एवं तिनीहरूका सहायक संस्थाहरू (Subsidiary bodies/organs) साथै जिम्माजमानी परिषद (Trusteeship Council) सँग सम्बन्धित कार्यहरू।
- संयुक्त राष्ट्रसंघको अतिकम विकसित, भूपरिवेष्ठित विकासोन्मुख, विकासशील टापु राष्ट्रहरू तथा जी-77 तथा चीन समूह (G-77 and China) सम्बन्धी कार्यहरू।
- असंलग्न आन्दोलनका विभिन्न विषयहरूमा अवधारणा-पत्र तयार गर्ने र असंलग्न आन्दोलनका शिखर सम्मेलन, मन्त्रीस्तरीय सम्मेलन र अन्य महत्वपूर्ण बैठकहरूमा भाग लिने, नेपालको अवधारणा प्रस्तुत गर्ने।
- संयुक्त राष्ट्रसंघीय शान्ति तथा अन्य मिसनहरू (Peacekeeping and other missions) सम्बन्धी कार्यहरू।
- महाशाखाको कार्य क्षेत्र अन्तर्गतका निकायहरू तथा विषयमा सम्बन्धित बहुपक्षीय कूटनीति तथा विश्वमामिलाका विषयहरूमा अवधारणा पत्र तयार गर्ने /अद्यावधिक गर्ने , संक्षिप्त विवरण (Brief) तथा तथ्याङ्क तालिका (Fact Sheet) तयार गर्ने र ती निकाय तथा विषयको सन्दर्भमा विकसित घटनाक्रमहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने कार्य गर्ने।
- संयुक्त राष्ट्रसंघको महासभा, महासभाका समितिहरू, सुरक्षा परिषद्, आर्थिक तथा सामाजिक परिषद, तिनीहरूका सहायक निकायहरू एवं राष्ट्रसंघका विशिष्टीकृत निकायहरूको सभा, सम्मेलन, बैठक आदिमा भाग लिन सारभूत तयारी गर्ने एवं सहभागिता जनाउने।
- निशस्त्रीकरणसम्बन्धी विषयहरूमा नेपालको आधिकारिक धारणा तयार गर्ने सन्दर्भमा National Authority for Disarmament Affairs भई कार्य गर्ने।

- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका निकायहरूमा भएका र हुने महत्वपूर्ण कार्यहरूको नियमित अनुगमन गर्ने र विकसित घटनाक्रमको विश्लेषणात्मक अध्ययन गरी प्रतिवेदन तयार गर्ने।
- नेपाल सदस्य नभएका संयुक्त राष्ट्रसंघका निकायहरूको सदस्यता लिन पहल गर्ने र ती निकायहरूसँग सम्बन्ध विकास गर्ने।
- सुरक्षा परिषद्का निर्णयहरूको कार्यान्वयन तथा प्रतिवेदनहरूका विषयमा सम्बन्धित निकायहरूसंग समन्वय गर्ने।
- महाशाखाको कार्य क्षेत्रसँग सम्बन्धित उच्चस्तरीय भ्रमणहरूको व्यबस्थापन र समन्वय गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेसविज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), Records of Talks लगायतका दस्तावेज तयार गर्ने।
- संयुक्त राष्ट्रसंघ, नेपाल सदस्य भएका संयुक्त राष्ट्रसंघका विशिष्टीकृत एजेन्सीहरू तथा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संस्थाहरूलाई बुझाउनु पर्ने सदस्यता शुल्क भुक्तानी गर्न नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने।
- संयुक्त राष्ट्रसंघ तथा विशिष्टिकृत संघसंस्था महाशाखाबाट सम्पादन हुने कार्यसँग सम्बन्धित विषयमा कुनै गैरसरकारी संघसंस्था दर्ता गर्न राय परामर्श माग भई आएमा राय परामर्श दिने।
- जलवायु परिवर्तन, दिगो विकास, अति कम विकसित तथा भूपरिवेष्ठित राष्ट्रहरूसँग सम्बन्धित विषयमा संयुक्त राष्ट्रसंघ एवं अन्य सरोकारवाला निकाय र नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने।
- महाशाखासँग सम्बन्धित अन्तर्राष्ट्रिय चासो र महत्वका समसामयिक विषयहरूमा नेपाल सरकारको दृष्टिकोण तथा आवश्यकता अनुसार आधिकारिक बक्तव्य तयार गर्ने।
- संयुक्त राष्ट्रसंघीय Disaster Risk Reduction (DRR) तथा आप्रवासन र विकास सम्बन्धमा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूको बैठक, सभा, सम्मेलन आदिमा नेपाल सरकारका सम्बद्ध निकायसमेतसँग समन्वय गरी प्रतिनिधित्व गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका बहुपक्षीय निकायहरूसँगको सम्बन्धका वारेमा संक्षिप्त विवरण अद्यावधिक गर्ने।

- राष्ट्रप्रमुख, सरकार प्रमुख, परराष्ट्र मन्त्री लगायतका विशिष्ट व्यक्तिहरूले भाग लिने महासभाको कार्यक्षेत्रमा पर्ने अन्तर्राष्ट्रियसभा, सम्मेलन, गोष्ठी, बैठक आदिमा दिइने भाषण, सम्बोधन र बक्तव्यहरू, Credentials लगायत आवश्यकताअनुसार तयार पार्ने।
- महाशाखाको कार्य क्षेत्रसँग सम्बन्धित उच्चस्तरीय भ्रमणहरूको व्यबस्थापन/ समन्वय गर्ने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका विदेस्थित नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिबृद्धि गर्न जोड दिने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका संघसंस्थाहरूसँग कूटनीतिक माध्यमद्धारा सम्पर्क र समन्वय गरी
- नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने।
- संयुक्त राष्ट्रसंघ तथा अन्तर्गतका निकायहरूमा बुझाउनु पर्ने राष्ट्रिय प्रतिवेदनको तयारी तथा सरोकारवाला निकायहरूसँग सहजीकरण गर्ने कार्य।

**क्षेत्रीय सङ्गठन महाशाखा**

- यस महाशाखा अन्तर्गतका क्षेत्रीय/उपक्षेत्रीय संगठनहरूका लागि नेपालको राष्ट्रिय सम्पर्क विन्दु (National Focal Point) का रूपमा परराष्ट्र मन्त्रालय रहेकाले क्षेत्रीय सहयोग सम्बन्धी नेपाल सरकारको सोच, दृष्टिकोण, नीति, रणनीति, योजना र कार्यक्रम आदि तर्जुमा गर्ने।
- यी क्षेत्रीय संगठनहरूका शिखर सम्मेलनहरू, मन्त्रीस्तरीय बैठकहरू, सचिवस्तरीय बैठकहरू तथा अन्य विभिन्नस्तरका बैठकहरूको तयारी, सहभागिता, प्रतिवेदन (Reporting), अनुगमनसम्बन्धी कामहरू गर्ने। ती बैठकहरूमा नेपालले प्रस्तुत गर्ने धारणा, वक्तव्य र सम्बोधनलगायतका सारभूत कामहरू गर्ने तथा नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने/गराउने।
- नेपालले क्षेत्रीय संगठनहरूको अध्यक्षता ग्रहण गरेको अवस्थामा सिर्जना हुने थप कार्यहरू गर्ने।
- क्षेत्रीय संगठनहरूका सचिवालयहरू, विशिष्टीकृत संस्थाहरू, क्षेत्रीय केन्द्रहरूलगायतका अन्य संरचनाका साथै प्राविधिक समिति, कार्य समूहलगायतका संयन्त्रहरू र नेपाल सरकारका सम्पर्क विन्दुहरूबीचको समन्वयको व्यवस्था मिलाउने।
- महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूको परराष्ट्र नीति, क्षेत्रीय सहयोग प्रवर्द्धन नीति र कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई आवश्यक परामर्श दिने।
- क्षेत्रीय संगठनहरूका सचिवालयहरू, सम्बद्ध सँस्थाहरू र सदस्य राष्ट्रहरूसँग नेपालको तर्फबाट गरिने पत्राचारहरू, सञ्चार तथा सम्पर्कसम्बन्धी काम गर्ने।

- क्षेत्रीय सहयोग र सहकार्य अभिवृद्धिका लागि महाशाखाको कार्यक्षेत्रका क्षेत्रीय/उपक्षेत्रीय संगठन सदस्य राष्ट्रहरूसँगको नेपालको सम्बन्ध सुदृढीकरण गर्नेतर्फ आवश्यक कार्यहरू गर्ने।
- क्षेत्रीय संगठनहरूको वार्षिक कार्यतालिकाअनुसार नेपालको तर्फबाट सम्पादन गर्नुपर्ने कार्यहरू कार्यान्वयन गराउने र अनुगमन गर्ने।
- सार्क सचिवालयको आतिथेय राष्ट्र (Host Country) को हैसियतमा गर्नुपर्ने कार्यहरू गर्ने।
- उल्लिखित क्षेत्रीय संगठनहरूको सहयोगका क्षेत्रहरूअन्तर्गत रहेका विभिन्न प्राविधिक समिति तथा कार्य समूहका बैठक, कार्यक्रम तथा क्रियाकलापमा नेपालको सहभागिता सुनिश्चित गरी ती क्रियाकलापका माध्यमबाट राष्ट्रिय हितको अधिकतम प्रवर्द्धनका लागि काम गर्ने।
- क्षेत्रीय संगठनहरूको क्रियाकलापहरूमा नेपालको सहभागिताका लागि आवश्यक पर्ने बजेट तर्जुमा गर्ने। नेपालले ती निकायहरूलाई बुझाउनुपर्ने वित्तीय योगदान सम्बन्धी कार्यहरू गर्ने।
- महाशाखा अन्तर्गतका क्षेत्रीय संगठनहरू सम्बन्धी महासन्धि, अभिसन्धि, सन्धि सम्झौताहरूलाई नेपालको राष्ट्रिय हित प्रवर्द्धन हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउने, त्यसको अनुगमन गर्ने र प्रतिवेदन तयार गर्ने।
- यी क्षेत्रीय संगठनहरूका सहयोगका क्षेत्रहरूअन्तर्गत नेपाललाई उपलब्ध हुन सक्ने प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धिका लागि प्रयत्न गर्ने।
- महाशाखाको कार्यक्षेत्रमा पर्ने क्षेत्रीय संगठनहरूसम्बन्धी महासन्धि/अभिसन्धि/ सन्धिसम्झौताहरूको अवधारणा पत्र तयार गर्ने, वार्ता गर्ने (Negotiation), हस्ताक्षर गर्ने र अनुमोदन (ratification) गर्ने लगायतका कामहरू सम्बन्धित मन्त्रालयहरूसँगको समन्वयमा गर्ने।
- क्षेत्रीय संगठनहरूसम्बन्धी महासन्धि/अभिसन्धि/सन्धिसम्झौताहरू, निर्णयहरू लगायतका दस्तावेजहरूको अभिलेखीकरण (Record) गर्ने।
- क्षेत्रीय सहयोगका संस्थाहरूबाट उपलब्ध हुन सक्ने सहयोग तथा सहकार्यका लागि चाल्नुपर्ने कदमका बारेमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई सल्लाह, सुझाव तथा आवश्यक सहयोग प्रदान गर्ने।
- नेपाल तथा विदेशका बौद्धिक वर्ग (Think Tank), अनुसन्धान निकायहरू (Research Institutions), सञ्चार माध्यम (Media) मार्फत क्षेत्रीय सहयोग प्रवर्द्धन सम्बन्धमा नेपालको धारणा व्यक्त गर्ने गराउने।
- क्षेत्रीय सहयोग संगठनहरूसम्बन्धी प्रकाशन र प्रचारप्रसारका कामहरू गर्ने गराउने।
- महाशाखा अन्तर्गत पर्ने क्षेत्रीय संगठनहरूसँग सम्बन्धित अन्य कार्यहरू गर्ने।

- उल्लिखित क्षेत्रीय संस्थाहरू बाहेकका अन्य क्षेत्रीय संगठनहरूसम्बन्धी कार्यहरू समेत गर्ने।

**नीति, योजना तथा अनुसन्धान महाशाखा**

- नेपाल सरकारको नीति योजना, कार्यक्रम तथा निर्देशनबमोजिम परराष्ट्र मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट कार्यान्वयन हुनुपर्ने नीति तथा कार्यक्रमहरू कार्यान्वयन/सञ्चालन गर्न योजना तर्जुमा गर्ने।

- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालय एवं विदेशस्थित नेपाली नियोगहरूबाट सम्पादन भएका मुख्यमुख्य कामहरूको मासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण प्राप्त गरी समीक्षा गर्ने तथा आवश्यकतानुसार अन्तर्गतका विभाग, कार्यालय र नियोगहरूलाई पृष्ठपोषण उपलब्ध गराउने।

- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालय एवं विदेशस्थित नेपाली नियोगहरूको नीति, योजना तथा प्रगति सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग लगायतका निकायहरूसँग सम्पर्क इकाईको रूपमा काम गर्ने।

- परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति, योजना तथा कार्यक्रमहरूको आवधिक समीक्षा गरी प्रतिवेदन तयार गर्ने।

- परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूमा शासकीय सुधार, विद्युतीय शासन प्रणाली (e-governance), सूचना प्रविधि आदिसँग सम्बन्धित योजना तथा समन्वय सम्बन्धी कार्य गर्ने।

- परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूको सार्वजनिक सेवा प्रवाह, कार्यसंस्कृति तथा कार्य प्रणालीसम्बन्धी अध्ययन गरी सुधारका लागि सिफारिस गर्ने।

- नेपालको परराष्ट्र सेवाको प्रभावकारी सञ्चालनको लागि आवश्यक योजना तर्जुमा गर्ने र समय समयमा अनुगमन र मूल्यांकन गरी सुझाव पेश गर्ने। साथै, परराष्ट्र सेवा र परराष्ट्र मन्त्रालयसँग सम्बन्धित नीति, ऐन, नियमको तर्जूमा तथा संशोधनका लागि आवश्यक कार्य र समन्वय गर्ने।

- परराष्ट्र नीति, २०७७ को कार्यान्वयनका लागि आवश्यक कार्यहरू गर्ने।

- नेपालको परराष्ट्र नीति र परराष्ट्र सम्बन्धको विषयमा आवश्यक अध्ययन र अनुसन्धान गर्ने गराउने।

- विभिन्न राष्ट्रिय नीतिहरूलाई परराष्ट्र नीतिका लक्ष्य तथा रणनीतिमा समन्वयीकरण गर्न सहयोग गर्ने।

- विभिन्न मन्त्रालय तथा निकायहरूबाट तर्जुमा हुने नीति, ऐन नियम निर्देशिका कार्यविधि लगायतका विषयमा मन्त्रालयको तर्फबाट राय परामर्श उपलब्ध गराउने तथा त्यस्ता विषयसँग सम्बन्धित संयन्त्रहरूका लागि सम्पर्क बिन्दुको भूमिका निभाउने।

- मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट सञ्चालन भएका वार्षिक कार्यक्रमको समीक्षा गरी नियोग तथा अन्य सरोकारवाला निकायहरूलाई पृष्ठपोषण उपलब्ध गराउने।
- परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान लगायत अन्य सम्बन्धित थिंक ट्याङ्कहरूलाई नेपालको परराष्ट्र नीति, कूटनीति तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय कानूनका विषयमा खोज, शोध, अध्ययन, अनुसन्धान तथा प्रकाशन गर्न प्रोत्साहन तथा सहयोग गर्ने।
- अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय राजनीति, परराष्ट्र नीति, कूटनीति तथा अर्थनीति, सामरिक विषय, सुरक्षा लगायत परराष्ट्र मामिलासँग सम्बन्धित विषयहरूमा अध्ययन/अनुसन्धान गर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरू (प्रदेशस्तरमा स्थापित समेत) सँग सम्पर्क र सम्बन्ध कायम गर्ने।
- नेपालको परराष्ट्र नीति तर्जुमा, कार्यान्वयनको अनुगमन र मूल्यांकन गर्ने तथा नेपालको राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गरी सुझाव पेश गर्ने।
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट सम्पादन भैरहेका कार्यहरूको सम्बन्धित महाशाखाहरूसँग समन्वय गरी नियमित अनुगमन र मूल्यांकन गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक सुझाव तथा निर्देशन दिने।
- महाशाखासंग सम्वन्धित निर्दिष्ट कार्य गर्ने।

**आर्थिक कूटनीति महाशाखा**

- आर्थिक कूटनीतिका विभिन्न क्षेत्रहरू (जस्तै विदेशी लगानी, व्यापार तथा पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगार व्यवस्थापन, प्रविधि हस्तान्तरण, जलवायु परिवर्तन, सांस्कृतिक प्रवर्द्धन, वैदेशिक सहायता व्यवस्थापन आदि) मा नेपाल सरकारले अपनाउनुपर्ने नीति, रणनीति, योजना र कार्यक्रम तयार गर्ने र त्यस्ता कार्यक्रमहरूको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने।
- आर्थिक कूटनीतिको कार्यान्वयनका विषयमा नेपाल सरकारका विभिन्न मन्त्रालय, निकाय र निजी क्षेत्र तथा विदेशस्थित नेपाली नियोगहरू एवं अन्य सरोकारवाला निकायहरूसँग छलफल, अन्तर्क्रिया, संयोजन तथा समन्वय गर्ने।
- विदेशस्थित नेपाली नियोगहरूबाट वार्षिक रूपमा सञ्चालन गर्ने आर्थिक कूटनीति प्रर्वद्धनका कार्यक्रमहरू माग गर्ने, ती कार्यक्रमहरूको आधारमा आवश्यक वार्षिक बजेट विनियोजन तथा निकासाको व्यवस्था गर्ने।
- मुलुकको राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धन गर्न एवं विदेशमा रहेका नेपालीहरूको हकहित संरक्षण गर्नका लागि आवश्यक अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिहरूको पहिचान तथा तर्जुमा गर्ने।

- विकास सहायता परिचालन तथा वैदेशिक लगानी, निर्यात व्यापार र पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा प्रभावकारी आर्थिक कूटनीतिको संचालनद्वारा मुलुकको आर्थिक विकास र समृद्धिमा योगदान पुर्याउने।
- आर्थिक कूटनीतिलाई समग्र कूटनीतिको एक महत्वपूर्ण आयामको रूपमा संचालन गरी राष्ट्रिय उद्देश्य हासिल गर्न जोड दिने।
- नेपालको आर्थिक विकास, व्यापार प्रवर्द्धन, पर्यटन विकास तथा लगानी प्रवर्द्धन गर्ने गरी आर्थिक कूटनीति संचालन गर्ने तथा यस सम्बन्धमा विदेशस्थित नेपाली नियोग, अवैतनिक महावाणिज्यदूतहरूलाई परिचालन गर्ने।
- आर्थिक कूटनीतिको देशगत र क्षेत्रगत रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- राष्ट्रिय हित अनुकुल हुने गरी द्विपक्षीय र बहुपक्षीय आर्थिक सम्बन्ध र साझेदारी बिस्तार गर्ने।
- विभिन्न अन्तर्राष्ट्रिय कोषहरूबाट सहुलियतपूर्ण ऋण तथा अनुदान प्राप्त गर्न पहल गर्ने।
- राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्ने गरी स्वतन्त्र व्यापार सम्झौता लगायत आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तार गर्ने तथा आवश्यकता अनुसार छिमेकी मुलुकहरूसँग सिमावारपार विशेष आर्थिक क्षेत्र (SEZ) को स्थापना र विकास गर्न पहल गर्ने।
- राष्ट्रिय स्वामित्व र नेतृत्व कायम हुने गरी मुलुकको आवश्यकता र प्राथमिकताका क्षेत्रमा बजेट प्रणालीमार्फत विकास सहायता परिचालन गर्न पहल गर्ने।
- आर्थिक विकास र समृद्धि राष्टिय कार्यभार भएकोले सोको प्राप्तिको लागि आर्थिक कूटनीतिमा जोड दिनुपर्ने।
- आर्थिक कूटनीतिका विभिन्न क्षेत्रहरू (जस्तै विदेशी लगानी, व्यापार तथा पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगार व्यवस्थापन, प्रविधि हस्तान्तरण, जलवायु परिवर्तन, सांस्कृतिक प्रवर्द्धन, वैदेशिक सहायता व्यवस्थापन आदि) मा नेपाल सरकारले अपनाउनुपर्ने नीति, रणनीति, योजना र कार्यक्रम तयार गर्ने र त्यस्ता कार्यक्रमहरूको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने।
- आर्थिक कूटनीतिको कार्यान्वयनका विषयमा नेपाल सरकारका विभिन्न मन्त्रालय, निकाय र निजी क्षेत्र तथा विदेशस्थित नेपाली नियोगहरू एवं अन्य सरोकारवाला निकायहरूसँग छलफल, अन्तर्क्रिया, संयोजन तथा समन्वय गर्ने।
- विदेशस्थित नेपाली नियोगहरूबाट वार्षिक रुपमा सञ्चालन गर्ने आर्थिक कूटनीति प्रर्वद्धनका कार्यक्रमहरू माग गर्ने, ती कार्यक्रमहरूको आधारमा आवश्यक वार्षिक बजेट विनियोजन तथा निकासाको व्यवस्था गर्ने।

- राष्ट्रिय आर्थिक नीतिहरूलाई परराष्ट्र नीतिका लक्ष्य तथा रणनीतिमा समन्वयीकरण गर्न सहयोग गर्ने।
- आर्थिक कूटनीतिका कार्यक्रमको योजना तथा तर्जुमामा विदेशस्थित नेपाली नियोगहरूलाई आवश्यक सहयोग एवं सल्लाह उपलब्ध गराउने।
- आर्थिक कूटनीतिको प्रभावकारी परिचालनका लागि सम्भाव्य क्षेत्रहरू, कार्यक्रम सञ्चालनका लागि लक्षितवर्ग तथा स्थानहरूको पहिचान गर्ने।
- आर्थिक कूटनीति प्रवर्द्धनका लागि कार्यक्रमहरू तयार गरी विदेशस्थित नेपाली नियोगहरू, विषयगत मन्त्रालय र निजी क्षेत्रसमेतको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने र उनीहरूको सहभागिता अभिवृद्धि गर्ने।
- आर्थिक कूटनीतिका कार्यक्रमको योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा विदेशस्थित नेपाली नियोगहरूलाई आवश्यक सहयोग एवं सल्लाह उपलब्ध गराउने।
- वैदेशिक लगानी, व्यापार विस्तार, पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगारी अभिवृद्धि आदिमा नेपाल सरकारले अपनाउनुपर्ने नीति, रणनीति, योजना र कार्यक्रम तयार गर्ने र त्यस्ता कार्यक्रमहरूको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने।
- आर्थिक कूटनीतिका विषयहरूमा मन्त्रालयका महाशाखा, शाखा, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू एवं सरोकारवाला निकायहरूसँग छलफल तथा समन्वय गर्ने।
- आर्थिक कूटनीतिको कार्यान्वयनका विषयमा नेपाल सरकारका विभिन्न मन्त्रालय, निकाय र निजी क्षेत्र तथा विदेशस्थित नेपाली नियोगहरू एवम् अन्य सरोकारवाला निकायहरूसँग छलफल, अन्तरक्रिया, संयोजन तथा समन्वय गर्ने।
- विदेशस्थित नेपाली नियोगहरूबाट वार्षिक रूपमा सञ्चालन गर्ने आर्थिक कूटनीति प्रर्वद्धनका कार्यक्रमहरू माग गर्ने, ती कार्यक्रमहरूको आधारमा आवश्यक वार्षिक बजेट विनियोजन तथा निकासाको व्यवस्था गर्ने।
- राष्ट्रिय आर्थिक नीतिहरूलाई परराष्ट्र नीतिका लक्ष्य तथा रणनीतिमा समन्वयीकरण गर्न सहयोग गर्ने।
- आर्थिक कूटनीतिका कार्यक्रमको योजना तथा तर्जुमामा विदेशस्थित नेपाली नियोगहरूलाई आवश्यक सहयोग एवम् सल्लाह उपलब्ध गराउने।
- आर्थिक कूटनीतिको प्रभावकारी परिचालनका लागि सम्भाव्य क्षेत्रहरू, कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग तथा स्थानहरूको पहिचान गर्ने।

- मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट सञ्चालन भएका वार्षिक कार्यक्रमको समीक्षा गरी नियोग तथा अन्य सरोकारवाला निकायहरूलाई पृष्ठपोषण उपलब्ध गराउने।
- आर्थिक कूटनीति प्रवर्द्धनका लागि कार्यक्रमहरू तयार गरी विदेशस्थित नेपाली नियोगहरू, विषयगत मन्त्रालय र निजी क्षेत्रसमेतको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने र उनीहरूको सहभागिता अभिवृद्धि गर्ने।
- अन्य निर्दिष्ट कार्य गर्ने।

**श्रम आप्रवासन तथा नेपाली डायस्पोरा समन्वय महाशाखा**

- विदेशमा रहेका नेपालीहरूको नेपालसँगको सामीप्य अभिवृद्धि गरी उनीहरूको ज्ञान, सीप, पूँजी र प्रविधिलाई नेपालको सर्वाङ्गीण विकासमा परिचालन गर्न आवश्यक नीति, रणनीति, योजना तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने।
- बैदेशिक रोजगारी सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमनको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय र सहजीकरण गर्ने। वैदेशिक रोजगार तथा आप्रवासनसम्बन्धी नीति, रणनीति तथा योजना कार्यान्वयन गर्नका लागि विदेशस्थित नेपाली नियोगहरू र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने र निकासाको व्यवस्था गर्ने।
- विभिन्न पेशा, व्यवसाय तथा अध्ययन गरिरहेका विदेशमा बस्ने नेपालीको हक, हित र अधिकार संरक्षण र प्रवर्द्धन गर्न आवश्यक नीति, रणनीति, योजना तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने। विदेशमा रहेका नेपाली नागरिकहरूको हकहितको सुरक्षा सम्बन्धी कार्य गर्ने।
- विदेशमा रहेका नेपालीहरूले नेपालको आर्थिक सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानलाई अन्य निकायसँग समन्वय गरी परिचालन गर्न Brain Gain Centre को सञ्चालन तथा व्यवस्थापन गर्ने।
- विदेशमा रहेका नेपालीहरूको ज्ञान र सिपको उपयोगका लागि नीति, रणनीति, योजना तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने।
- विदेशमा रहेका नेपालीहरूसँग सम्बन्धित विषयमा नेपाल सरकारका सम्बन्धित मन्त्रालय, निकाय, निजी क्षेत्र र अन्य संघसङ्गठनहरूसँग समन्वय गर्ने। विदेशमा बस्ने नेपालीसँग सम्बन्धित संघसंस्थाहरूसँग सम्पर्क तथा सम्बन्ध कायम गर्ने।
- विदेशमा रहेका नेपालीहरूले निर्माण गरेका नेपाली डायस्पोरालाई सँगठित र एकतावद्ध बनाउन सहयोग गर्ने र विदेशमा रहेका नेपालीहरूलाई नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा योगदान गर्न ती देशहरूमा रहेका नेपाली कूटनीतिक नियोगहरूलाई निर्देशन र परिचालन गर्ने।

- विदेशमा रहेका नेपालीहरूको सम्पर्क बिन्दु (Focal Point) को रुपमा काम गर्ने। श्रम आप्रवासन र बैदेशिक रोजगार सम्बन्धी विषयमा मन्त्रालयको सम्पर्क बिन्दु (Focal Point) को रुपमा काम गर्ने। विदेशमा रहेका नेपालीहरूको आपतकालीन उद्धारको लागि फोकल प्वाइन्टको रुपमा कार्य गर्ने।
- बैदेशिक रोजगार सम्बन्धी तथ्यांङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान सम्बन्धी कार्यको लागि सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने।
- विदेशमा बस्ने नेपालीहरूलाई प्रदान गर्ने सेवासुविधाका सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायहरू र विदेशस्थित नेपाली नियोगहरूसँग समन्वय गर्ने।
- बैदेशिक रोजगार सम्बन्धी मागपत्रको प्रमाणीकरण कार्यलाई व्यवस्थित र सहज बनाउन सहजीकरण गर्ने।
- गैरआवासीय नेपाली ऐन, २०६४ तथा गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ अनुसारका विभिन्न कार्यहरू गर्ने।
- वैदेशिक रोजगारीमा जाने नेपालीका समस्या समाधानका लागि सरोकारवाला निकायहरूसँग समन्वयात्मक भूमिका निर्वाह गर्ने।
- वैदेशिक रोजगारीमा जाने नेपालीहरूको कल्याण अभिबृद्धिका लागि विदेशस्थित नेपाली नियोगहरू तथा नेपालमा रहेका सरोकारवाला निकायहरूसँग समन्वय गर्ने। बैदेशिक रोजगार बोर्डमा मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने।
- विदेशमा रहेका नेपालीहरूको हक, हित अभिवृद्धि तथा कन्सुलरजन्य सुविधाकोलागि कन्सुलर सेवा विभागसँग समन्वय गर्ने।
- गैरआवासीय नेपाली परिचयपत्र जारी गर्ने र सोको अभिलेख राख्ने।
- विदेशमा बस्ने नेपालीहरूलाई मुलुकको सर्वाङ्गीण हित र विकासमा परिचालन गर्ने तथा उनीहरूको हक, हित तथा अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने विषयमा अध्ययन अनुसन्धान गरी मन्त्रालयसमक्ष सिफारिस गर्ने।
- नेपाली श्रमिकहरूको हितरक्षाका लागि श्रम गन्तव्य देशहरूसँग श्रम सम्झौता गर्न समन्वय र सहजीकरण गर्ने।
- श्रम कूटनीतिको माध्यमबाट बैदेशिक रोजगारलाई थप सुरक्षित, मर्यादित, व्यवस्थित र उपलव्धीमूलक बनाउन सम्बन्धित निकायहरूसँग समन्वय र सहजीकरण गर्ने।
- श्रम आप्रवासन तथा वैदेशिक रोजगारी सम्बन्धित अन्तर्राष्टिय संगठन, मञ्च र घोषणाहरू जस्तै International Labour Organisation (ILO), International Organization for Migration (IOM)'s

International Recruitment Integrity System (IRIS), GCM(Global Compact for Migration), the Abu Dhabi Dialogue (ADD), the Colombo Process (CP), and the 2014 South Asian Association for Regional Cooperation (SAARC) Declaration on Migration लगायतमा नेपालीको हकहित प्रवर्द्धनको लागि सम्बन्धित निकायमा समन्वय र सहजीकरण गर्ने।

- गैरआवासीय नागरिकता सम्बन्धी विषयमा गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू र विदेशस्थित नेपाली नियोगहरूसँग समन्वय र सहजीकरण गर्ने।
- नेपालीहरूको प्रस्थान र आगमनलाई सहज बनाउन गृह मन्त्रालय लगायत सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने।
- महाशाखाको कार्य क्षेत्र अन्तर्गतका विषयहरूमा अवधारणा पत्र तयार गर्ने /अद्यावधिक गर्ने , संक्षिप्त विवरण (Brief) तथा तथ्याङ्क तालिका (Fact Sheet) तयार गर्ने र ती विषयको सन्दर्भमा विकसित घटनाक्रमहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने कार्य गर्ने।
- महाशाखाको कार्य क्षेत्र सम्बन्धित भ्रमणहरूको व्यबस्थापन र समन्वय गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेसविज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), Records of Talks लगायतका दस्तावेज तयार गर्ने।
- महाशाखासँग सम्बन्धित अन्तर्राष्ट्रिय चासो र महत्वका समसामयिक विषयहरूमा नेपाल सरकारको दृष्टिकोण तथा आवश्यकता अनुसार आधिकारिक बक्तव्य तयार गर्ने।
- महाशाखाको कार्य क्षेत्रअन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूको बैठक, सभा, सम्मेलन आदिमा नेपाल सरकारका सम्बद्ध निकायसमेतसँग समन्वय गरी प्रतिनिधित्व गर्ने।
- राष्ट्रप्रमुख, सरकार प्रमुख, परराष्ट्र मन्त्री लगायतका विशिष्ट व्यक्तिहरूले भाग लिने अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, बैठक आदिमा दिइने भाषण, सम्बोधन र बक्तव्यहरू लगायत आवश्यकताअनुसार तयार पार्ने।
- अन्य निर्दिष्ट कार्यहरू गर्ने।

**सार्वजनिक कूटनीति महाशाखा**

- सार्वजनिक कूटनीतिलाई नेपालको बृहत्तर परराष्ट्र नीतिमा एकीकृत गर्ने।
- सार्वजनिक कूटनीतिको माध्यमबाट मुलुकको छवि र विशिष्ट पहिचानलाई सफ्ट पावरको रूपमा प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय जगतको समर्थन, सहयोग र सद्भाव आर्जन गर्न नीति, रणनीति, योजना तथा कार्यक्रमहरू तयार गर्ने तथा कार्यान्वयन गर्ने।

- स्वतन्त्र अस्तित्व, प्राकृतिक तथा सांस्कृतिक विविधता, मौलिक शान्ति प्रक्रिया, "सबैसँग मित्रता र सहकार्य गर्ने" नेपाली विशेषता जस्ता विशिष्ट राष्ट्रिय पहिचानका पक्षलाई सफ्ट पावरका रूपमा बाह्य जगतमा स्थापित गराउँदै नेपालको प्रतिष्ठा अभिवृद्धि गर्ने।
- समावेशी लोकतान्त्रिक प्रणाली तथा विधिको शासन र मानव अधिकारप्रति प्रतिबद्ध मुलुकको रूपमा नेपालको छवि प्रवर्द्धन गर्ने।
- नेपालको सभ्यता, संस्कृति, कला, साहित्य, भाषा, रहनसहन, चाडपर्व, रीतिरिवाज, सांस्कृतिक सम्पदा, परम्परा र भेषभूषालाई प्रचारप्रसार गर्ने।
- शान्तिप्रियता, सहिष्णुता, मिलनसारिता, सहयोगीपन र अतिथि सत्कारजस्ता नेपाली समाजका विशेषतालाई प्रवर्द्धन गर्ने।
- नेपाल राज्य, नेपाल सरकार र नेपाली जनताका बारेमा यथार्थ जानकारी एवम् सूचना प्रवाह गरी बाह्य जगतको सकारात्मक दृष्टिकोण बनाईराख्न पहल गर्ने।
- बुद्धको जन्मस्थल लुम्बिनीलाई बौद्ध दर्शनको उद्‌गमस्थल एवम् अन्तर्राष्ट्रिय शान्त नगरको रूपमा विकास गर्न पहल गर्ने, पाशुपत क्षेत्रलाई हिन्दू दर्शन र सभ्यताको एक प्रमुख केन्द्रको रूपमा प्रवर्द्धन गर्ने।
- विश्वशान्ति प्रति नेपालको प्रतिबद्धता र योगदानलाई निरन्तरता दिँदै नेपाललाई एक शान्तिप्रिय मुलुकका रूपमा प्रस्तुत गर्ने।
- सगरमाथा लगायत नेपालका हिमशृङ्खलाले यस क्षेत्रको दिगो जलभण्डारको रूपमा जलवायु परिवर्तनका नकारात्मक असर न्यून गर्न, पर्यावरणीय सन्तुलन कायम राख्न र मानव सभ्यताको जगेर्नामा पुऱ्याएको विशेष योगदानलाई अन्तर्राष्ट्रिय जगतमा स्थापित गर्न पहल गर्ने।
- नेपालको दुर्लभ वनस्पति, जडीबुटी र वन्यजन्तुको प्रचुर जैविक विविधताबाट विश्वको जैविक विविधता संरक्षण गर्न योगदान पुगेको तथ्य विश्व समुदाय समक्ष स्थापित गर्न प्रचार-प्रसार गर्ने।
- सगरमाथा संवादजस्ता राष्ट्रिय महत्वका कार्यक्रमहरू आयोजना गर्ने।
- नेपालका हिमाल र उच्च पहाडी शृङ्खलालाई जैविक विविधता, जैविक खेती एवम् जडीबुटीको स्रोतको रूपमा प्रवर्द्धन गर्न पहल गर्ने।
- नेपालको सांस्कृतिक तथा पुरातात्विक महत्वका धरोहर र विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि युनेस्कोजस्ता संस्थासँग सहकार्य गर्ने।

- नेपाल प्राग-ऐतिहासिक कालदेखि नै मानव समुदायको बसोबास स्थल, प्राचीन ज्ञान भूमि एवम् पूर्वीय दर्शन र अध्यात्मको एक उद्‌गमस्थल भएको र त्यसबाट मानव सभ्यताको विकासमा योगदान पुगेको तथ्यलाई विश्वसामु उजागर गर्ने।
- विशिष्ट भौगोलिक अवस्था र अनुकूल हावापानीले नेपाल आध्यात्मिक चिन्तन, ध्यान, योग तथा आरोग्यताको लागि उपयुक्त गन्तव्य स्थलको रूपमा रहेको तथ्यलाई विश्वसामु प्रस्तुत गर्ने आवश्यक प्रचार-प्रसार गर्ने।
- क्षेत्रीय तथा अन्तराष्ट्रिय महत्त्व र सरोकारका समसामयिक विषयमा छलफल, अन्तरक्रिया र समान धारणा निर्माणका लागि अन्तराष्ट्रिय स्तरको स्थायी मञ्चका रूपमा सगरमाथा संवाद नियमित रूपमा सञ्चालन गर्ने।
- नेपाल र विभिन्न मुलुकबीच जनस्तरको सम्बन्ध विस्तारका लागि संसदीय मैत्री समूह. निजी क्षेत्रका द्विपक्षीय वाणिज्य संयन्त्र लगायत अन्य सद्‌भावना समूह निर्माण गर्न प्रेरित गर्ने।
- विदेशी विश्वविद्यालय, अध्ययन केन्द्र, प्रतिष्ठान आदिमा नेपाल अध्ययन केन्द्र स्थापना गर्न प्रोत्साहन गर्ने।
- नेपालको विकासमा योगदान पुऱ्याएका, नेपाल र नेपालीप्रति सद्‌भाव राख्ने तथा नेपालको सम्मान अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका ख्यातिप्राप्त व्यक्तित्वसँग सम्पर्क र सहकार्य गर्ने।
- नेपाल र नेपालीको हितमा विशिष्ट योगदान पुऱ्याउने ख्याति प्राप्त विदेशी नागरिकलाई सम्मानार्थ मान-पदवी तथा पुरस्कारका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।
- शैक्षिक, बैज्ञानिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्धलाई फराकिलो र सुदृढ बनाउने।
- नेपाली संस्कृति, परम्परा, परिकार, कला, भाषा, साहित्य तथा खेलकुदको प्रवर्द्धन गर्न सांस्कृतिक आदानप्रदानका लागि सम्बन्धित क्षेत्रमा कार्यरत संघसंस्थाको अधिकतम उपयोग गर्ने।
- नेपालका नगर र विदेशी मित्रराष्ट्रका नगरवीच भगिनी सम्बन्ध स्थापनाका लागि सहजीकरण गर्ने।
- नेपालका सार्वनजिक कूटनीतिका सम्भावित क्षेत्रहरू पहिचान गरी विदेशस्थित नेपाली नियोगहरू रहेका मुलुकपिच्छेको सार्वजनिक कूटनीति सञ्चालनसम्बन्धी कार्य योजना बनाई लागू गर्ने।
- कूटनीति र सञ्चार सम्बन्ध व्यवस्थापन (Diplomacy and Media Management) का लागि नियमित रुपमा तथा आवधिक रुपमा महत्वपूर्ण मामिलाहरूमा अन्तर्क्रिया गर्ने र नेपाल सरकार परराष्ट्र मन्त्रालय तथा यस अन्तर्गतका नियोगहरूले गरेका उदाहरणीय कार्यहरूको प्रचार प्रसार तथा आम नागरिकसमक्ष पुर्याउन पहल गर्ने तथा सञ्चार जगतसँग सहकार्य गर्ने।

- परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूको सार्वजनिक सेवा प्रवाह, कार्य संस्कृति तथा कार्य प्रणालीमा सार्वजनिक कूटनीतिलाई कसरी एकाकार गर्ने सम्बन्धी अध्ययन गर्ने र कार्यान्वयनका लागि सिफारिस गर्ने।
- मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट कार्यान्वयन गरिएका वा कार्यान्वयनका क्रममा रहेका सार्वजनिक कूटनीतिका कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी आवधिक प्रतिवेदन तयार गर्ने र नेपाल सरकारका सम्बन्धित निकायहरूमा पठाउने।
- सार्वजनिक कूटनीतिका नयाँ क्षेत्र, लक्षित वर्ग र तौरतरिकाका विषयमा अध्ययन, अनुसन्धान गरी मन्त्रालयलाई सिफारिस गर्ने।
- सार्वजनिक कूटनीतिका विषयमा सरोकारवाला मन्त्रालय, नीजि क्षेत्र, नागरिक समाज आदिको सहभागितामा बैठक, गोष्ठी, कार्यशाला आदिको आयोजना गरी प्राप्त सुझाव, धारणाहरू आलेखवद्ध गर्ने, कार्यान्वयनका लागि पत्राचार गर्ने, निर्णयका लागि पेश गर्ने जस्ता कार्यहरू गर्ने।
- सार्वजनिक कूटनीतिसम्बन्धी सम्पर्क बिन्दुको रूपमा काम गर्ने।
- परराष्ट्र मन्त्रालय लगायत नेपाल सरकारका निकायहरू, विदेशस्थित नेपाली नियोगहरू, प्रदेश सरकारका निकायहरू तथा स्थानीय निकायबाट वैदेशिक सम्बन्ध तथा परराष्ट्र मामिलाका सम्बन्धमा सम्पादन गरिएका गतिविधिहरू समावेश गरी आवधिक प्रतिवेदन तयार गर्ने र प्रकाशन गर्ने।
- सार्वजनिक कूटनीतिका सबै पक्षहरूमा सामाजिक सञ्जाल लगायत सूचना प्रविधिको अधिकतम प्रयोग गरी डिजिटल डिप्लोमेसी मार्फत अन्तर्राष्ट्रिय जगतमा यथार्थ र तथ्यपरक सूचना तथा सन्देश प्रवाह गरी नेपालप्रति सकरात्मक धारणा प्रवर्धन गर्ने।
- सूचना प्रविधिको विस्तार र विकासमा द्विपक्षीय, क्षेत्रीय तथा अन्तराष्ट्रिय संघ संस्थाहरू र प्रकृयाहरूसँग सहयोग, सहकार्य र समन्वय अभिवृद्धि गर्ने।
- नेपालको पर्यटकीय आकर्षण, ऐतिहासिक पुरातात्विक सम्पदाहरू, नेपाली भाषा, धर्म, संस्कृति र नेपालको प्रतिष्ठा अभिवृद्धि गर्न अन्य विविध विषयहरूका तथ्याङ्क तथा सूचना सामग्रीहरू सम्बन्धित सरकारी, निजी तथा अन्य निकायबाट सङ्कलन गरी स्रोत केन्द्रमा राख्ने।
- संकलित सूचना तथा जानकारीहरूलाई लक्षित वर्गअनुकूल हुने गरी आकर्षक र प्रसारणयोग्य सामग्रीको रूपमा तयार गरी विदेशस्थीत नेपाली राजदूतावासहरू र स्वदेश तथा विदेशका अन्य निकायहरूलाई उपलब्ध गराउने।
- तयार सूचना सुचना, तथ्याङ्कहरू आवश्यकताअनुसार विभिन्न लेख, श्रव्यदृश्य वा अन्य रूपमा आवश्यकताअनुसार विभिन्न भाषामा तयार गर्ने।

- यस्ता सामग्रीको प्रचारप्रसारका लागि उपयुक्त सञ्चार माध्यम वा सभासम्मेलन वा कार्यक्रम वा अन्य सिर्जनशील तरिकाहरू पहिचान गर्ने।
- नेपालको सांस्कृतिक सम्पदाहरूलाई बढीभन्दा बढी विदेशीहरूसमक्ष पुऱ्याउन विदेशस्थित नेपाली नियोगहरूलाई परिचालन गर्ने।
- नेपालको सांस्कृतिक कूटनीति सञ्चालनका क्रममा नेपाल सरकारका सम्बन्धित मन्त्रालय, विभाग, निकाय र निजी क्षेत्रलगायतका सरोकारवाला पक्षसँग समन्वय गर्ने।
- विदेशमा नेपाली गीतसङ्गीत, खेलकुद, भाषा, खाना, लवाइखवाइ आदिको प्रचारप्रसार गर्न लक्षित वर्ग, स्थान, तौरतरिका आदिको विषयमा अध्ययन, अनुसन्धान गर्ने।
- मन्त्रालयसंग सम्बन्धित राष्ट्रिय महत्वका ऐतिहासिक दस्तावेजहरूको प्राप्ति, संग्रह र व्यवस्थापन गर्ने।
- नेपाल पक्षराष्ट्र भएका सन्धि, सम्झौता, समझदारीपत्र जस्ता दस्तावेजहरूको व्यवस्थित संकलन तथा संग्रह गर्ने, सम्बन्धित निकायबाट प्राप्त गरी अभिलेखीकरण गर्ने।
- परराष्ट्र मन्त्रालयका प्रवक्ताको कार्यालयको रूपमा कार्य गर्ने।
- सूचना अधिकारीको कार्यालयको कार्य सम्पादन गर्न मातहतको शाखालाई आवश्यक निर्देशन दिने तथा समन्वय गर्ने।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले सूचना अधिकारीसमक्ष पेश गरेको निवेदनमा माग भएअनुसारको सूचना निवेदकलाई उपलब्ध गराउने।
- मन्त्रालय तथा अन्तर्गतका निकायहरूको वेवसाइट सञ्चालन तथा व्यवस्थापन गर्ने।
- सूचना संकलन, वर्गीकरण र व्यवस्थापन सम्बन्धमा मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूलाई समयसमयमा तालिम र प्रशिक्षण दिने कार्य गर्ने।
- नेपालको परराष्ट्र नीतिका सम्बन्धमा तथा छिमेकी राष्ट्रहरू एवम् विश्वका अन्य मुलुकहरूमा विकसित हुने घटनाक्रमहरूका सम्बन्धमा आवश्यकता अनुसार नेपाल सरकारको धारणा सार्वजनिक गर्ने।
- मन्त्रालयबाट जारी हुने प्रेश विज्ञप्ति, Joint Press Statement, Press Brief, तथा सामाजिक सञ्जालबाट सम्प्रेषण गरिने सूचनाहरूको चेकजाँच गरी प्रचार-प्रसार गर्ने गराउने।
- मन्त्रालयसम्बद्ध विषयमा नियमित पत्रकार भेटघाट गर्ने।
- मित्रराष्ट्रहरूबाट नेपालमा हुने तथा नेपालबाट मित्रराष्ट्रहरूमा हुने भ्रमणहरूका बारेमा सञ्चार गर्ने, विभिन्न सन्देशहरू प्रवाह गर्ने।

➢ अन्य निर्दिष्ट कार्यहरू गर्ने।

**मन्त्रालय अन्तर्गतका निकायका कामहरू:**

**राहदानी विभागः** राहदानी विभागका काम, कर्तव्य र अधिकार एवं पछिल्ला गतिविधिहरूबारे सो विभागको वेबसाइट https://nepalpassport.gov.np/ मा हेर्न सकिने छ।

**कन्सुलर सेवा विभागः** कन्सुलर सेवा विभागका काम, कर्तव्य र अधिकार एवं पछिल्ला गतिविधिहरूबारे विस्तृतरूपमा सो विभागको वेबसाइट**:** https://nepalconsular.gov.np मा हेर्न सकिने छ।

**सम्पर्क कार्यालय वीरगञ्जः** वीरगञ्जस्थित भारतीय महावाणिज्यदूतावाससँग सम्पर्क र समन्वय गर्ने, भारतीय सीमावर्ती प्रशासनसँगको समन्वयमा नेपालको आर्थिक र सामाजिक विकासमा दुई देशबीच हुनसक्ने सहयोग विस्तार एवम् आफ्नो क्षेत्राधिकारअन्तर्गत रही कूटनीतिक अनुगमन गर्ने र सोको प्रतिवेदन मन्त्रालयलाई दिने जिम्मेवारी प्रदान गरी नेपाल सरकारले यस कार्यालयको स्थापना गरेको हो।

**परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानः** नेपालको परराष्ट्र नीति, परराष्ट्र सम्बन्ध र कूटनीतिका बारेमा मन्त्रालयलाई सुझाव र सल्लाह दिने**,** समसामयिक विषयमा सेमिनार, तालीम र प्रशिक्षण आदि सञ्चालन गर्ने, अध्ययन, अनुसन्धान गर्ने एवम् परराष्ट्र सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्ध विषयक प्रकाशनहरू गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम नेपाल सरकारले सन् १९९३ मा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना गरेको हो। यस प्रतिष्ठानले नेपालको परराष्ट्र नीति र तत्सम्बन्धी विषयलाई प्राज्ञिक छलफल र विश्लेषण गर्न र नेपाल सरकार र परराष्ट्र मन्त्रालयलाई यस सम्बन्धमा पृष्ठपोषण गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

विस्तृत विवरण उक्त प्रतिष्ठानको वेबसाइट**:** https://www.ifa.gov.np/ मा हेर्न सकिने छ।

**विदेशस्थित विभिन्न नेपाली नियोगहरूः** विदेशस्थित नेपाली नियोगहरूले नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने र आवश्यकताअनुरूप Political, Social, Economic, Consular र NRN सम्बन्धी विभिन्न कार्यहरू गर्ने गर्दछन्। नियोगहरूको कार्यको स्वरूप, शैली र प्रक्रियामा केही भिन्नता रहे तापनि समष्टिमा नेपाली नियोगहरूले गर्ने मुख्य मुख्य कार्यहरू देहायबमोजिम रहेका छन्:

- दुई देशबीचको भौगोलिक, ऐतिहासिक, साँस्कृतिक, राजनीतिक, आर्थिक क्रियाकलापहरूका आधारमा कूटनीतिक सम्बन्धका कार्यहरू।
- बहुपक्षीय सङ्गठन र क्षेत्रीय सङ्गठनमा नेपालको हित, विश्वशान्ति, आपसी सहयोगमा सञ्चालन हुने कार्यहरू।
- नेपालको आर्थिक विकासमा सहयोग पुर्‍याउने आर्थिक कूटनीतिसम्बन्धी विभिन्न कार्यहरू।

- नेपालीहरूलाई दिनुपर्ने सार्वजनिक सेवासम्बन्धी कार्यहरूलगायत कन्सुलर प्रकृतिका कार्यहरू।
- गैरआवासीय नेपालीहरूले देशको हितमा पुऱ्याउनसक्ने सम्भाव्य क्षेत्रको पहिचान र उनीहरूलाई देशले दिएको सहुलियतसम्बन्धी जानकारी गराउने कार्यहरू।

नेपाली नियोगहरूसम्बन्धी विस्तृत जानकारी सम्बन्धित नियोगको वेबसाइटबाट प्राप्त गर्न सकिने छ।

**नियोगका वेबसाइटहरू:**

| **S. N.** | **Name of the Institutions** | **Websites** |
|---|---|---|
| 1 | Embassy of Nepal, Canberra | https://au.nepalembassy.gov.np |
| 2 | Embassy of Nepal, Manama | https://bh.nepalembassy.gov.np |
| 3 | Embassy of Nepal, Dhaka | https://bd.nepalembassy.gov.np |
| 4 | Embassy of Nepal, Brussels | https://be.nepalembassy.gov.np |
| 5 | Embassy of Nepal, Brasilia | https://br.nepalembassy.gov.np |
| 6 | Embassy of Nepal, Ottawa | https://ca.nepalembassy.gov.np |
| 7 | Embassy of Nepal, Beijing | https://cn.nepalembassy.gov.np |
| 8 | Embassy of Nepal, Copenhagen | https://dk.nepalembassy.gov.np |
| 9 | Embassy of Nepal, Cairo | https://eg.nepalembassy.gov.np |
| 10 | Embassy of Nepal, Paris | https://fr.nepalembassy.gov.np |
| 11 | Embassy of Nepal, Berlin | https://de.nepalembassy.gov.np |
| 12 | Embassy of Nepal, New Delhi | https://in.nepalembassy.gov.np |
| 13 | Embassy of Nepal, Tel Aviv | https://il.nepalembassy.gov.np |
| 14 | Embassy of Nepal, Tokyo | https://jp.nepalembassy.gov.np |
| 15 | Embassy of Nepal, Seoul | https://kr.nepalembassy.gov.np |
| 16 | Embassy of Nepal, Kuwait City | https://kw.nepalembassy.gov.np |
| 17 | Embassy of Nepal, Kuala Lumpur | https://my.nepalembassy.gov.np |
| 18 | Embassy of Nepal, Yangon | https://mm.nepalembassy.gov.np |
| 19 | Embassy of Nepal, Muscat | https://om.nepalembassy.gov.np |
| 20 | Embassy of Nepal, Islamabad | https://pk.nepalembassy.gov.np |
| 21 | Embassy of Nepal, Lisbon | https://pt.nepalembassy.gov.np/ |
| 22 | Embassy of Nepal, Doha | https://qa.nepalembassy.gov.np |
| 23 | Embassy of Nepal, Moscow | https://ru.nepalembassy.gov.np |
| 24 | Embassy of Nepal, Riyadh | https://sa.nepalembassy.gov.np |
| 25 | Embassy of Nepal, Pretoria | https://za.nepalembassy.gov.np |
| 26 | Embassy of Nepal, Colombo | https://lk.nepalembassy.gov.np |
| 27 | Embassy of Nepal, Bangkok | https://th.nepalembassy.gov.np |
| 28 | Embassy of Nepal, Abu Dhabi | https://ae.nepalembassy.gov.np |
| 29 | Embassy of Nepal, London | https://uk.nepalembassy.gov.np |

| | | |
|---|---|---|
| 30 | Embassy of Nepal, Washington D.C. | https://us.nepalembassy.gov.np |
| 31 | Embassy of Nepal, Madrid | https://sp.nepalembassy.gov.np |
| 32 | Permanent Mission of Nepal to The UN & Other Int'l Organizations, New York | https://nyc.nepalmission.gov.np |
| 33 | Permanent Mission of Nepal to The UN & Other Int'l Organizations, Geneva | https://gva.nepalmission.gov.np |
| 34 | Permanent Mission of Nepal to The UN & Other Int'l Organizations, Vienna | https://vie.nepalmission.gov.np |
| 35 | Consulate General of Nepal, Chengdu | https://ctu.nepalconsulate.gov.np/ |
| 36 | Consulate General of Nepal, Dallas, USA | https://dls.nepalconsulate.gov.np/ |
| 37 | Consulate General of Nepal, Dubai, UAE | https://dxb.nepalconsulate.gov.np/ |
| 38 | Consulate General of Nepal, Guangzhou | https://can.nepalconsulate.gov.np |
| 39 | Consulate General of Nepal, Hong Kong | https://hkg.nepalconsulate.gov.np |
| 40 | Consulate General of Nepal, Jeddah | https://jed.nepalconsulate.gov.np |
| 41 | Consulate General of Nepal, Kolkata | https://ccu.nepalconsulate.gov.np |
| 42 | Consulate General of Nepal, Lhasa | https://lxa.nepalconsulate.gov.np |
| 43 | Consulate General of Nepal, New York | https://nyc.nepalconsulate.gov.np |
| 44 | Consulate General of Nepal, San Francisco, USA | https://sf.nepalconsulate.gov.np/ |

## ४) यस मन्त्रालयबाट प्रदान गरिने विभिन्न सेवाहरूः

मन्त्रालय र विदेशस्थित नेपाली नियोगहरूले प्रदान गर्ने सेवाहरू तोकिएको आफ्नो कार्यक्षेत्रअनुसार रहेको छ। परराष्ट्र मन्त्रालय र यस मातहतका निकायहरूले प्रदान गर्ने सेवाहरू, सो सेवा प्रदान गर्ने शाखा र जिम्मेवार व्यक्ति, सेवा प्राप्त गर्न लाग्ने समय एवम् दस्तुरसमेतको विवरण सम्बन्धित निकायको वेबसाइटमा प्रकाशित गरिएको छ।

**मन्त्रालय र विभागका वेबसाइटहरूः**

| S. N. | Name of the Institutions | Websites |
|---|---|---|
| 1 | Ministry of Foreign Affairs | https://mofa.gov.np |
| 2 | Department of Passports | https://nepalpassport.gov.np |
| 3 | Department of Consular Services | https://nepalconsular.gov.np |

## ५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस सम्बन्धी जानकारी बुँदा नं. ३ र ४ का सम्बन्धित वेबसाइटमा दिइएको छ।

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस सम्बन्धी जानकारी सम्बन्धित निकायको वेबसाइटबाट प्राप्त गर्न सकिने छ।

**७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः** यस मन्त्रालयका प्रशासनिक निर्णयहरू सामान्यतः मन्त्रीस्तर र सचिवस्तरबाट हुने गरेका छन्। मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीतिगत एवम् अन्य निर्णयको हकमा मन्त्रालयले पेश गरेको प्रस्तावउपर नेपाल सरकार मन्त्रिपरिषदबाटै निर्णयहरू हुने गरेको छ।

८) **निर्णयउपर उजुरी सुन्ने अधिकारीः** यस मन्त्रालयको प्रशासनिक कार्यसम्पादनका सम्बन्धमा प्रशासन महाशाखाबाट भएका निर्णय र सूचना अधिकारीबाट भएको कामकारबाही उपरको उजुरी मन्त्रालयका सचिवबाट र अन्य उजुरीहरूको हकमा प्रचलित ऐन, नियममा तोकिएबमोजिम हुने गरेको छ।

**९) आ. व. २०८२।८३ को दोस्रो त्रैमासिक (२०८२ कात्तिकदेखि २०८२ पुस मसान्तसम्म) मा परराष्ट्र मन्त्रालयबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरुः**

१. २०८२ कात्तिक १८ देखि २० गतेसम्म सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल कतारका अमिर शेख तमिम बिन हमाद अल-थानी (His Highness Sheikh Tamim bin Hamad Al-Thani) को मैत्रीपूर्ण निमन्त्रणामा दोहामा आयोजित दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलन (Second World Summit for Social Development) मा सहभागी हुनुभएको।

२. २०८२ पुस २ गते प्रधानमन्त्री श्री सुशीला कार्कीले नेपाल-संयुक्त राष्ट्रसंघ साझेदारीको ७०औं वर्षको उपलक्ष्यमा संयुक्त राष्ट्रसंघ, नेपाल कार्यालयले आयोजना गरेको कार्यक्रममा भाग लिनुभएको। उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले विश्व शान्ति र सुरक्षाका साथै विकास र समृद्धिमा संयुक्त राष्ट्रसंघको महत्वपूर्ण योगदान रहेको विषयलाई जोड दिनुभएको।

३. २०८२ मंसिर २२ गते ४१औं SAARC Charter Day को अवसरमा सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीले शुभकामना सन्देश दिनुभएको। सो सन्देशमा उहाँले शान्ति, स्थिरता र साझा समृद्धिको लक्ष्यसहित क्षेत्रीय सहकार्य, आपसी विश्वास र जनताको जीवनस्तर सुधार गर्ने कार्यमा सार्कको महत्वपूर्ण भूमिका रहेको विषय औंल्याउनुभएको।

४. नेपाली विद्यार्थी विपिन जोशीको पार्थिव शरीर इजरायलबाट कञ्चनपुरस्थित घरसम्म पुऱ्याउने विषयमा आवश्यक समन्वय गरिएको। साथै, पार्थिव शरीर मिति २०८२ कात्तिक ०३ गते काठमाडौं ल्याएपश्चात एक श्रद्धाञ्जली सभाको आयोजना गरिएको। उक्त सभालाई सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्कीले सम्बोधन गर्दै भावपूर्ण श्रद्धाञ्जली र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभएको।

५. राष्ट्रपति श्री रामचन्द्र पौडेल, प्रधानमन्त्री श्री सुशीला कार्की, परराष्ट्र मन्त्री श्री बालानन्द शर्मा, वन तथा वातावरण मन्त्री श्री माधव प्रसाद चौलागाई, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री श्रद्धा श्रेष्ठ तथा नेपाल सरकारका मुख्य सचिव श्री सुमनराज अर्यालसँग नेपालका लागि अमेरिकी राजदूत H.E. Dean R. Thompson ले विभिन्न मितिमा गर्नुभएको बिदाई भेटघाटको तयारी, समन्वय तथा सहजीकरण गरिएको।

६. २०८२ मंसिर १० गते हङकङमा भएको आगलागीको घटनाका सम्बन्धमा प्रधानमन्त्री श्री सुशीला कार्कीका तर्फबाट जनवादी गणतन्त्र चीनका राष्ट्रपति H.E. Mr. Xi Jinping लाई सम्बोधन गरी समवेदना पत्र प्रेषण गरिएको।

७. प्रधानमन्त्री श्री सुशीला कार्की र सरकारका अन्य विशिष्ट पदाधिकारीहरूलाई नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत H.E. Mr. Chen Song ले विभिन्न मितिमा गर्नुभएको बिदाई भेटघाटको तयारी, समन्वय तथा सहजीकरण गरिएको।

८. २०८२ पुस ११ गते नवनियुक्त परराष्ट्र मन्त्री श्री बालानन्द शर्माले पदभार ग्रहण गर्नुभएको। उहाँले राष्ट्रिय हितको रक्षा र प्रवर्द्धन गर्न अझ प्रभावकारी रूपमा कामकाज गर्न मन्त्रालयका पदाधिकारीहरूलाई निर्देशन दिनुभएको। साथै, मन्त्रालयबाट नेपालको सौम्यशक्तिको प्रचारप्रसारका

लागि एक छुट्टै सामाजिक सञ्जाल ह्याण्डल खोल्ने निर्णय गर्नुभएको (हाललाई x प्लाटफर्ममा @MoFANepal_PD सञ्चालनमा आइसकेको)।

९. २०८२ पुस १६ गते बंगलादेशकी पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाको ढाकामा आयोजित अन्त्येष्टि समारोहमा परराष्ट्र मन्त्री श्री बालानन्द शर्मा नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भएको।

१०. २०८२ पुस २३ र २४ गते परराष्ट्र मन्त्री तथा परराष्ट्र सचिवको समुपस्थितिमा विदेशस्थित नेपाली नियोगहरूसँग नेपालमा लगानी प्रवर्द्धन सम्बन्धी भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

११. २०८२ पुस २५ गते परराष्ट्र मन्त्रीले भर्चुअल माध्यमबाट विदेशस्थित नेपाली नियोग प्रमुखहरू तथा कूटनीतिक कर्मचारीहरूलाई उच्चतम स्तरको प्रभावकारिता र दक्षताका साथ नेपाली समुदायको सेवा गर्दै नेपालको राष्ट्रिय हित प्रवर्द्धन र संरक्षण गर्न निर्देशन दिनुभएको।

१२. २०८२ मंसिर २६ गते दक्षिण कोरियाको सउलमा आयोजना भएको 11th Global ICT Leadership Forum मा सहभागी हुनुभएका सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री जगदीश खरेलको भ्रमणको आवश्यक समन्वय र सहजीकरण गरेको ।

१३. २०८२ कात्तिक ५ देखि ६ गतेसम्म श्रीलंकाको कोलम्बोमा सम्पन्न BIMSTEC Sub-Group on Prevention of Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicals को नवौं बैठक सम्पन्न भएको।

१४. २०८२ कात्तिक १३ देखि १५ गतेसम्म ढाकामा आयोजना भएको 13th Bangladesh Travel and Tourism Fair (BTTF) मा नेपाल सहभागी भएको। सो कार्यक्रममा नेपालका पर्यटकीय

गन्तव्यहरूको प्रचारप्रसार गर्नुका साथै नेपाली पर्यटन सम्बन्धी पुस्तिका तथा जानकारीहरू उपलब्ध गराइएको।

१५. २०८२ कात्तिक १९ गते रुसको सामरामा आयोजित 1st ACD Ministerial Meeting on Sports मा नेपाल भर्चुअल माध्यमबाट सहभागी भएको। उक्त बैठकले अन्तर्राष्ट्रिय सम्बन्धको विकास र प्रवर्द्धनका लागि खेलकुद कूटनीतिको प्रयोगलाई जोड दिँदै ACD को "Culture and Tourism" क्षेत्रअन्तर्गत Working Group of Sports Development गठन गर्ने विषय सहित २२ बुँदे सामरा घोषणापत्र जारी गरेको।

१६. २०८२ कार्त्तिक २० गते अन्तर्राष्ट्रिय श्रम संगठन र गैरआवासीय नेपाली संघले संयुक्त रुपमा आयोजना गरेको "Coordination Meeting on Major Issues and Key Challenges of Nepali Migrant Workers in GCC Countries and Malaysia" विषयक अन्तर्क्रिया कार्यक्रममा सहभागी भएको।

१७. २०८२ कात्तिक २१ गते भारतको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले भर्चुअल माध्यमबाट आयोजना गरेको BIMSTEC Expert Group on Disaster Management Cooperation को दोस्रो बैठकले BIMSTEC Plan of Action to improve Preparedness and Coordination for responding to natural disasters in the Bay of Bengal Region को मस्यौदालाई अन्तिम रूप दिँदै भारतमा BIMSTEC Centre of Excellence in Disaster Management स्थापना गर्ने लगायतका विषयमा छलफल भएको।

१८. २०८२ कार्त्तिक २४ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट व्यापार तथा लगानीका सम्बन्धमा आयोजित भर्चुअल अन्तरक्रिया कार्यक्रममा सहभागिताका लागि विदेशस्थित नेपाली महावाणिज्य दूतावासहरूलाई पत्राचार एवं आवश्यक सहजीकरण गरिएको।

१९. २०८२ कात्तिक २७ गते सम्माननीय राष्ट्रपतिसमक्ष नेपालका लागि देहाय बमोजिमका आवासीय राजदूतहरूले ओहदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएकोः

| S.N. | Name | Country |
| --- | --- | --- |
| 1 | The Arab Republic of Egypt | H.E. Mr. Sherif Moustafa Alsayed |
| 2 | Republic of Finland | H.E. Ms. Dagny Mjos |
| 3 | Democratic Socialist Republic of Sri Lanka | H.E. Ms. Ruwanthi Delpitiya |
| 4 | The Republic of the Union of Myanmar | H.E. U Thant Sin |

२०. ०१ देखि ३१ जनवरी २०२६ सम्म बङ्गलादेशको ढाकामा आयोजना हुने Dhaka International Tarde Fair मा सहभागिता बारे उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरिएको।

२१. २०८२ मंसिर १६ देखि १८ गतेसम्म कतार सरकार र United Nations Office of the High Representative for the Least Developed Countries, Landlocked Developing Countries and Small Island Developing States (UN-OHRLLS) ले दोहामा संयुक्त रूपमा आयोजना गरेको "Forging Ambitious Global Partnership for Sustainable and Resilient Graduation of Least Developed Countries" विषयक उच्चस्तरीय बैठकमा परराष्ट्र सचिव श्री अमृतबहादुर राई सहभागी हुनुभएको।

२२. आकर्षक रोजगारीको प्रलोभनमा विभिन्न माध्यमबाट म्यानमार पुर्‍याइ त्यहाँ अवैद्य रूपमा संचालित अनलाइन स्क्यामिङ केन्द्रहरूमा ठगी लगायतका काममा लगाइएका र स्थानीय

सुरक्षाकर्मीको छापा परेपछि भागेर थाईल्याण्ड प्रवेश गरेका ३७ जना नेपाली नागरिकहरूलाई नेपाली राजदूतावास, बैंककद्वारा उद्धार गरी २०८२ मंसिर ०३ गते नेपाल फर्काईएको ।

२३. २०८२ मंसिर ०५ गते परराष्ट्र मन्त्रालयमा MoFA-Media Interface in the Changing Times नामक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको। उक्त कार्यक्रमका स्रोत व्यक्ति श्री सुधीर शर्मा र मन्त्रालयका पदाधिकारीहरूबीच संचारक्षेत्र तथा परराष्ट्र मन्त्रालयको समन्वयमा राष्ट्रिय हित प्रवर्द्धन गर्ने विषयमा प्रस्तुति एवम् अनुभव आदानप्रदान सम्पन्न भएको।

२४. २०८२ मंसिर ०७ गते नेपालस्थित विदेशी अवैतनिक महावाणिज्यदूतहरूसँग परराष्ट्र मन्त्रालयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको। सो अवसरमा परराष्ट्र सचिव श्री अमृतबहादुर राईले नेपाल खुला रहेको सन्देश दिँदै अवैतनिक महावाणिज्यदूतहरूले प्रतिनिधित्व गर्नुहुने मुलुकहरूसँग आर्थिक सम्बन्ध थप मजबुत पार्ने आवश्यकतामा जोड दिनुभएको ।

२५. २०८२ मंसिर १० गते दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को ६१औं कार्यक्रम समितिको बैठक भर्चुअल माध्यमबाट सम्पन्न भएको। सबै सदस्य राष्ट्रका National Focal Points को सहभागिता रहेको सो बैठकको अध्यक्षता गर्दै नेपालको परराष्ट्र मन्त्रालय, क्षेत्रीय संगठन महाशाखाका प्रमुखले दक्षिण एसियामा अग्रणी क्षेत्रीय संगठनका रूपमा रहेको सार्कलाई सदस्य राष्ट्रहरूबीच आपसी सहयोग, सहकार्य र संवादको साझा मञ्चको रूपमा थप क्रियाशिल बनाएर लैजानुपर्नेमा जोड दिनुभएको।

२६. २०८२ मंसिर ११ गते बंगलादेशको ढाकामा सम्पन्न नेपाल-बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी Joint Steering Committee को सातौं बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको।

२७. २०८२ मंसिर १४ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकले गत २०८२ मंसिरको दोस्रो हप्ता श्रीलंकामा भीषण वर्षापश्चात् आएको बाढी तथा पहिरोले ठूलो जनधनको क्षति भएको सन्दर्भमा श्रीलंका सरकारलाई सहायता स्वरूप २ लाख अमेरिकी डलर उपलब्ध गराउने निर्णय गरेको।

२८. २०८२ मंसिर १८ देखि २७ गतेसम्म संयुक्त राष्ट्र संघको लागि मानव अधिकार परिषद् अन्तर्गत Special Rapporteur on minority issues, Prof. Nicolas Levrat ले नेपाल भ्रमण गर्नुभएको। सो भ्रमणको दौरान नेपाल सरकारका विभिन्न मन्त्रालय, आयोग, प्रदेश सरकार तथा सरोकारवाला निकायका पदाधिकारीसँग भेटघाट गर्नुभएको। भ्रमणको अन्त्यमा उहाँले परराष्ट्र सचिवसँग बैठक तथा अन्तरक्रिया गरी भ्रमणबाट प्राप्त जानकारी सहितको विवरण प्रस्तुत गर्नुभएको।

२९. भारतको नयाँ दिल्लीमा २०८२ मंसिर १८ गते आयोजित नेपाल भारत एलओसी समीक्षा बैठक (11th Edition of Nepal-India LOC Projects Review Meeting) र २०८२ मंसिर २२ गते आयोजित Nepal-India Joint Working Group को बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको।

३०. २०८२ मंसिर १० देखि १७ गतेसम्म काठमाडौंमा आयोजित SASEC Energy Working Group, Transport Working Group र Trade Facilitation Working Group को बैठक तथा मंसिर २२ देखि २३ गतेसम्म आयोजित Senior Officials Meeting मा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको।

३१. २०८२ मंसिर २३ गते भारतको विदेश मन्त्रालयका Additional Secretary (North) Shri Munu Mahawar ले नेपाल भ्रमणका क्रममा सम्माननीय प्रधानमन्त्री लगायत विभिन्न मन्त्रीहरू तथा परराष्ट्र सचिवसँग गर्नुभएको बैठक तथा छलफलको समन्वय गरिएको।

३२. २०८२ मंसिर २३ देखि २५ गतेसम्म मित्रराष्ट्र श्रीलङ्कासँगको सहकार्यमा Organization for the Prohibition of Chemical Weapons (OPCW) को प्राविधिक सचिवालयले कोलम्बोमा आयोजना गरेको Regional Conference on Advancing CWC Implementing Legislation in Asia विषयक कार्यक्रममा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको। ।

३३. २०८२ मंसिर २ र ३ गते श्रीलंकाको कोलम्बोमा सम्पन्न BIMSTEC Expert Group on Visa Matters को पाचौं बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको। बैठकले चौथो बैठक पश्चात भए/गरेका गतिविधिहरूको समीक्षा गर्दै बिमस्टेक क्षेत्रका नागरिकहरूको अन्तरदेशीय आवातजावतलाई बढावा दिने एवं भिसा सहजीकरण गर्न अपनाउनुपर्ने उपायहरूका सम्बन्धमा छलफल भएको।

३४. २०८२ मंसिर ३ गते भारतको नयाँ दिल्लीमा भर्चुअल रूपमा सम्पन्न BIMSTEC Sub-Group on Cooperation on Countering Radicalisation and Terrorism को तेस्रो बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको। बैठकले BIMSTEC Plan of Action on Countering Radicalisation and Terrorism को मस्यौदालाई अन्तिम रूप दिएको।

३५. २०८२ मंसिर ८ गते SAARC Arbitration Council (SARCO) ले भर्चुअल माध्यमबाट सञ्चालन गरेको "Tailoring ADR Solution: Adapting Frameworks to meet Industry Specific needs in the Maldives" विषयक Webinar कार्यक्रममा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको।

३६. २०८२ मंसिर ०९ गते भारतको नयाँ दिल्लीमा सम्पन्न BIMSTEC Expert Group on Maritime Security Cooperation को चौथो बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको। बैठकले Draft BIMSTEC Guiding Principles on the Conduct of Maritime

Law Enforcement Agencies (MLEAs) during Interaction at Sea र Draft BIMSTEC Guidelines for Coordinated Marine Oil Spill Response in the Bay of Bengal विषयका दस्तावेजहरूलाई अन्तिम रूप दिएको।

३७. २०८२ मंसिर १० र ११ गते श्रीलङ्काको कोलोम्बोमा सम्पन्न BIMSTEC Task Force on Traditional Medicine (BTFTM) को सातौं बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको। बैठकले Tropical Medicine को विकासका लागि तयार गरिएको Plan of Action लगायत अन्य रणनीतिहरुको कार्यान्वयन स्थितिको समीक्षा गर्दै प्रस्तावित दुई केन्द्रहरु: Centres of Excellence on Tropical Medicine and Traditional Medicine सञ्चालन गर्ने विषयमा छलफल गरेको।

३८. २०८२ मंसिर १६ गते बङ्गलादेशको ढाकामा भर्चुअल रूपमा सम्पन्न BIMSTEC Working Group on Customs Cooperation को तेस्रो बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको। बैठकले Agreement on Cooperation and Mutual Assistance in Customs Matters for the BIMSTEC Free Trade Area को विविध दफामा छलफल गरेको।

३९. २०८२ मंसिर २२ र २३ गते काठमाडौंमा सम्पन्न BIMSTEC Expert Group of Fisheries and Livestock को दोस्रो बैठकमा नेपालको सहभागिता सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरेको। बैठकले मत्स्य तथा पशुपन्छी क्षेत्रको विकासका लागि तयार गरिएको Plan of Action को कार्यान्वयन, BIMSTEC Center of Excellence in Livestock को स्थापना, मत्स्य तथा पशुपन्छी विकास क्षेत्रका अनुसन्धान केन्द्रहरूको सञ्जालीकरण, उल्लिखित क्षेत्रको विकासको लागि अन्य संघसंस्थासँग सहकार्य गर्ने लगायतका विषयमा छलफल गरेको।

४०. २०८१ वैशाख ११ देखि १२ गतेसम्म कतारका अमिर His Highness Sheikh Tamim bin Hamad Al-Thani ले गर्नुभएको नेपालको राजकीय भ्रमणका अवसरमा नेपालले कतार सरकारलाई दुईवटा हात्ती उपहारस्वरूप प्रदान गर्ने प्रतिबद्धताअनुसार २०८२ पुस २ गते हात्तीहरू (खगेन्द्रप्रसाद र रूद्रकली) कतार सरकारलाई हस्तान्तरण गरिएको। सोका लागि काठमाडौंस्थित कतारको राजदूतावास, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष लगायतका निकायसँग आवश्यक समन्वय गरिएको।

४१. २०८२ पुस ०८ गतेदेखि परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानले परराष्ट्र मन्त्रालयका ९५ जना नवनियुक्त शाखा अधिकृतहरूलाई एक महिने आधारभूत परराष्ट्र सेवा तालिम दिन शुरू गरेको। सो तालिम कार्यक्रमको शुभारम्भ समारोहलाई सम्बोधन गर्दै परराष्ट्र सचिव श्री अमृतबहादुर राईले उच्च व्यवसायिकता, नैतिकता र निष्ठाका साथ सेवा प्रवाह गर्नुपर्ने आवश्यकता रहेको विषयमा जोड दिनुभएको।

४२. २०८२ पुस ११ देखि १३ गतेसम्म Nepal-India Joint Agriculture Working Group (JAWG) को नवौं बैठक काठमाडौंमा सम्पन्न भएको।

४३. २०८२ पुस २० गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट IOM Resilience Fund मा ऐक्यबद्धता स्वरूप एक पटकको लागि दश हजार अमेरिकी डलर आर्थिक सहयोग गर्ने निर्णय भएको।

४४. २०८२ पुस २२ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा सम्पन्न भएको सेवा व्यापारको राष्ट्रिय एकीकृत रणनीति मस्यौदा कार्यदलको पहिलो बैठकमा मन्त्रालयको सहभागिता रहेको।

४५. २०८२ पुस २३ गते नेपाल पर्यटन बोर्ड, लुम्बिनी विकास कोष, नेपाल वायुसेवा निगम, बौद्ध तथा मेलम्ची घ्याङ्ग, नेपाल बौद्ध धर्म संरक्षण संघ, सार्वजनिक कूटनीति महाशाखा र उत्तरपूर्व एसिया महाशाखा सहित मन्त्रालयमा बौद्ध संस्कृति प्रवर्द्धन सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको ।

४६. Foresight For Tomorrow शीर्षकमा साउदी अरेबियाको रियादमा ०१ अक्टोबर २०३० देखि ३१ मार्च २०३१ सम्म आयोजना हुने Expo Riyadh 2030 मा नेपालको सहभागिता रहने बारे साउदी पक्षलाई जानकारी गराईएको।

४७. २०८२ पुस २८ गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट मित्रराष्ट्र म्यानमारको पुनः निर्माणका लागि तीन लाख पचास हजार अमेरिकी डलर आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको।

४८. भुटानको थिम्पुमा १५-१६ जनवरी २०२६ मा आयोजित BIMSTEC Joint Working Group on Environment and Climate Change मा नेपालको सहभागिता लगायत बैठकका एजेन्डा उपर छलफल गर्ने उद्देश्यले मिति २०८२ पुस २८ गते सम्बन्धित निकायहरूसँग बैठक गरी आवश्यक सुझाव तथा पृष्ठपोषण उपलब्ध गराइएको।

४९. इरानमा विकसित घटनाक्रमका कारण अवस्था सामान्य नभएसम्म नेपाली नागरिकहरूले इरान जाने योजना स्थगन गर्नुहुन तथा हाल इरानमा बसोबास गरिरहनुभएका नागरिकहरूले स्थानीय सुरक्षा निकायले दिएका सुझाव पालना गर्नुहुन, घरभित्रै रहनुहुन, सतर्क रहनुहुन तथा सावधानी अपनाउनुहुन सल्लाह दिँदै मन्त्रालयबाट २०८२ पुस २९ गते Travel Advisory जारी गरिएको।

५०. २०८२ पुस २९ गते ILO नेपाल र Swiss Agency for Development Cooperation ले संयुक्त रूपमा आयोजना गरेको MiRiDeW Project Phase-2 समन्वय तथा कार्यान्वयन सम्बन्धी छलफल कार्यक्रममा मन्त्रालयको सहभागिता रहेको।

५१. नेपाल र साउदी अरेबियाबीच प्रारम्भिक हस्ताक्षर भएको हवाईसेवा सम्झौता अनुसार साउदी अरेबिया-नेपाल Scheduled Flight को लागि designate भएको Air Arabia कम्पनीलाई Operation Authorization प्रदान गर्नका लागि आवश्यक समन्वय गरिएको।

५२. लागू औषध हेरोईनको गैरकानूनी व्यापार तथा आयात गरेको आरोपमा लामो समयदेखि श्रीलंकाको जेलमा रहनुभएका दुईजना नेपाली नागरिकहरूको रिहाईका लागि आवश्यक कूटनीतिक पहल गरिएको।

५३. संयुक्त अरब ईमिरेट्स (युएई) मा रहेका रोजगारदाता कम्पनीहरूले नेपाल सरकारको आधिकारिक निकायद्वारा प्रमाणित गरिएको प्रहरी चारित्रिक प्रमाणपत्रलाई पुनः नेपालस्थित युएईको राजदूतावासबाट प्रमाणीकरण गर्नुपर्ने व्यवस्था लागू गरेका कारण रोजगारीका लागि संयुक्त अरब ईमिरेट्स जाने नेपाली श्रमिकहरूमाथि अतिरिक्त आर्थिक भार थपिन गएको हुँदा सो व्यवस्था हटाउनको लागि आवश्यक कूटनीतिक पहल भईरहेको।

५४. कूटनीतिक/अफिसियल राहदानी वाहकलाई भिसा छुटका लागि नेपाल सरकार र इन्डोनेसिया सरकारबीच भएको Memorandum of Understanding दुवै देशद्वारा लागू गरिएको।

५५. रसुवागढी-केरुङ्ग सीमा नाकामा आएको बाढीका कारण क्षतिग्रस्त बाटो तथा पुलको निर्माण कार्य सम्पन्न भई नाका सुचारु भैसकेको अवस्थामा मालसामानको सहज ढुवानी प्रयोजनार्थ चिनियाँ पक्षसँग कूटनीतिक पहल गरिएको।

५६. गणतन्त्र कोरियामा EPS प्रणाली मार्फत जाने नेपाली कामदारहरूका सम्बन्धमा पछिल्लो समय उत्पन्न भएको अन्यौल हटाउने विषयमा काठमाडौं स्थित गणतन्त्र कोरियाको राजदूतावाससँग आवश्यक छलफल तथा समन्वय गरिएको।

५७. युरोपेली संघको हवाई सुरक्षासूचीबाट हट्नको लागि नेपालले गर्नुपर्ने तयारीका विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीहरूसँग छलफल गरिएको।

५८. Biological Weapons Convention का पक्ष राष्ट्रहरूले वार्षिक रूपमा BWC Implementation Support Unit मा पेश गर्नुपर्ने Confidence Building Measures सम्बन्धी प्रतिवेदन तयारीका लागि आवश्यकतानुसार आमन्त्रित सदस्यहरूसमेत रहन सक्ने गरी संयुक्त राष्ट्र संघ तथा विशिष्टिकृत संघसंस्था महाशाखाका प्रमुखको संयोजकत्वमा प्रतिवेदन तयारी समिति गठन गरिएको।

५९. नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यान्वयनका लागि प्रवर्द्धनात्मक सामग्रीको शोकेस निर्माण र प्रदर्शनको व्यवस्था नभएका ५ (पाँच) वटा राजदूतावास/ महावाणिज्य दूतावासहरूमा नेपालमा उत्पादित एवम् नेपाल चिनाउने सामग्रीहरू सहितको प्रदर्शनी कक्ष (शोकेस डेस्क) को व्यवस्था गर्न बजेट उपलब्ध गराउने लगायत आवश्यक समन्वय गरिएको।

६०. नेपाल अतिकम विकसित राष्ट्रको समूहबाट २०२६ मा स्तरोन्नति हुँदै छ। स्तरोन्नतिपश्चात् सन् २०२९ पछि युरोपेली संघले नेपाललाई उपलब्ध गराउँदै आएको Everything but Arms सुविधा नियमित हुने अवस्था नदेखिएको सन्दर्भमा Generalized System of Preference का लागि योग्य हुन नेपालले अनुमोदन गर्न बाँकी रहेका दस्तावेजहरू अनुमोदनका लागि सम्बन्धित निकायहरूसँग समन्वय भैरहेको।

६१. कूटनीतिक सम्बन्ध स्थापना नभएको मुलुक वा नेपाल सरकारले मान्यता नदिएको भूभागमा अवस्थित विश्वविद्यालयहरूलाई सूचीकरण गर्दा नेपाली विद्यार्थीहरूलाई अत्यावश्यक कन्सुलर तथा अन्य किसिमका सेवा प्रदान गर्न मन्त्रालय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूलाई सहज नहुने देखिएकोले त्यस्ता विश्वविद्यालयहरूलाई सूचीकरण गर्न उपयुक्त नहुने व्यहोरा नेपाल सरकारका सम्बन्धित निकायहरूमा जानकारी गराईएको।

६२. सार्कको ६२औं कार्यक्रम समितिको बैठकको मिति तय गर्ने लगायत सार्क स्थायी समितिको बैठक आयोजनाको संभावना र सम्भावित एजेन्डाहरू तथा नयाँ महासचिव नियुक्तिका विषयमा सार्क सचिवालयसँग आवश्यक समन्वय र छलफल गरिएको।

६३. SAARC Development Report को zero draft मा नेपालको राय/प्रतिक्रिया उपलब्ध गराइएको। साथै, बिमस्टेक सचिवालयबाट प्रस्तावित "Proposal for Revision of the Scale of Contribution to the Annual Budget of the BIMSTEC Permanent Secretariat सम्बन्धमा नेपाल सरकारको तर्फबाट आवश्यक जवाफ तथा सुझाव पठाइएको।

६४. कन्सुलर सेवा विभागबाट ७५ जना नेपाली नागरिकहरूको उद्धार तथा क्षतिपूर्तिका लागि र विदेशमा मृत्यु भएका २६ जना नेपालीहरूको शव व्यवस्थापनका लागि नेपाली नियोगहरूसँग समन्वय तथा सहजीकरण गरिएको ।

६५. कन्सुलर सेवा विभागबाट २,३४,००१ थान कागजात प्रमाणीकरण तथा २१६ थान भिसा नोट जारी गरिएको।

६६. राहदानी विभागबाट ४३ थान यात्रा अनुमतिपत्र र विभाग, नियोगहरू तथा जिल्ला/ईलाका प्रशासन कार्यालयहरूबाट गरी ३,४६,९७६ थान राहदानी जारी गरिएको।

६७. प्राप्त निवेदनबमोजिम नियमित रूपमा गैर आवासीय नेपाली परिचयपत्रहरू जारी गरिएको।

६८. SAARC Cultural Centre द्वारा SAARC Charter Day को अवसरमा आयोजना गर्ने SAARC Film Festival मा प्रदर्शनीका लागि श्री चलचित्र विकास बोर्डसँग समन्वय गरी ५ वटा नेपाली कथानक चलचित्रहरू नेपाली राजदूतावास, कोलम्बो मार्फत उपलब्ध गराइएको।

६९. US Investment Climate Statements: Nepal 2024 and 2025 सम्बन्धी प्रतिवेदनको सारांश तयार गरी नेपाल सरकारका सम्बन्धित निकायहरूमा प्रेषित गरिएको ।

७०. नेपालको मानव अधिकार सम्बन्धी पछिल्लो अवस्था समेटी अमेरिकी सरकारले प्रकाशित गरेको Nepal 2024 Human Rights प्रतिवेदनको सारांश नेपाल सरकारका सम्बन्धित निकायहरूमा पठाईएको।

७१. नेपालले मानव बेचविखन, ओसारपसार एवं नियन्त्रणका क्षेत्रमा गरेका पछिल्ला प्रयास, सो सम्बन्धी चुनौती एवं प्राथमिकता सम्बन्धी सुझावहरू समेटी अमेरिकी सरकारले प्रकाशित गरेको 2025 Trafficking in Persons Report: Nepal प्रतिवेदनको सारांश तयार गरी विभिन्न सम्बन्धित निकायहरूमा पठाईएको।

७२. साउदी अरेबियामा उडान भर्ने नेपाली हवाई सेवाका उडानहरूको Schedule Flight Permission २८ मार्च २०२६ सम्मका लागि थप भएको।

७३. युएईको विशेष गरी Free Zone मा अवस्थित British University College International FZE (BUCI), Central Academy for Management Studies (CAMS), Britts Imperial University College, UAE लगायतका १० - १२ वटा शैक्षिक संस्थाहरूबाट नेपाली विद्यार्थीहरू ठगिएको

सम्बन्धमा प्राप्त गुनासो तथा पीडित विद्यार्थीहरूको सहयोगका लागि अवलम्बन गर्नुपर्ने आवश्यक सुझावहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरिएको।

७४. खराब मौसमका कारण गोर्खा जिल्लाको मनास्लु क्षेत्रको साम्दो र सामागाउँ क्षेत्रमा अलपत्र अवस्थामा परेका सयौं इजरायली पर्यटकहरूको सकुशल उद्धारका लागि आवश्यक समन्वय गरिएको।

७५. संयुक्त अरब इमिरेट्समा वैदेशिक रोजगारीको क्रममा कामको सिलसिला, सडक दुर्घटना वा हत्या आदिका कारण मृत्यु भएका नेपाली नागरिकहरूको मुद्दा सम्बन्धित अदालतमा पेश गरी प्रक्रिया अगाडि बढाउनको लागि वकिलको खर्च व्यहोर्ने स्रोतको अभावमा समस्या भइरहेकोमा अदालतको फैसला पश्चात प्राप्त हुने रकमबाट नै त्यस्तो सेवा शुल्क भुक्तानी गर्ने गरी स्थानीय लाइसेन्स प्राप्त कानूनी सेवा प्रदायक फर्म, कम्पनी वा व्यक्तिसँग सेवा करार गरी परिवारका सदस्यहरूको सहमति समेतका आधारमा राजदूतावासबाट सहमति बमोजिम १५ प्रतिशतसम्म सेवा शुल्क भुक्तानी गर्ने गरी स्वीकृति प्रदान गरिएको। यसबाट लामो समय Pending भैरहेका मुद्दाहरू फछ्र्यौट भै पीडित परिवारले राहत पाउन सक्ने देखिएको।

७६. नेपालका लागि अष्ट्रेलियाका प्रस्तावित राजदूत Mr. Simon George Ernst, क्यानडाका गैर-आवासीय राजदूत H.E. Mr. Christopher Cooter र रसियन Military Attaché, Col. Pavel Ivashinnikov (Non-Residential) लाई सहमति प्रदान गरिएको।

७७. लगानी, पर्यटन र व्यापार तथा निकासी प्रवर्द्धन सम्बन्धी सूचना सामाग्री उपलब्ध हुने व्यवस्थाका सम्बन्धमा लगानी बोर्डको कार्यालय, नेपाल पर्यटन बोर्ड, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रसँग समन्वय गरिएको।

७८. रूसमा घाइते/मृत्युभएका नेपाली नागरिकका आफन्तलाई क्षतिपूर्ति लिन रूस जाने प्रयोजनका लागि भिसा लगायत क्षतिपूर्ति रकम हस्तान्तरणमा सहजीकरण गर्ने विषयमा काठमाडौंस्थित रूसी दूतावाससँग समन्वय गरिएको।

७९. २०८२ भदौ २३ र २४ गते मुलुकमा भएको जेन्जी आन्दोलनका क्रममा भौतिक तथा जनधनको क्षति भएको सन्दर्भमा शहीद परिवार तथा घाइतेलाई सहयोग गर्ने नाममा विदेशका कतिपय स्थानमा चन्दा संकलन गरी रकम दुरूपयोग गरेको सुनिन आएकोले शहीद परिवार तथा घाइतेलाई नेपाल सरकारले आफ्नै स्रोतबाट सहयोग गर्ने र भौतिक क्षतिको पुनर्निर्माणको लागि सरकारले एक अलग्गै कोष स्थापना गरी इच्छुक योगदानकर्ताहरूले सो कोषमा रकम जम्मा गर्न आधिकारिक बैंक खाता उपलब्ध गराएको बारे प्रचारप्रसार गरिएको ।

८०. विभिन्न मुलुकका राजदूतहरूसँग द्विपक्षीय भेटघाट तथा अन्तरक्रिया गरिएको।

८१. परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पन्न जनचासो र महत्त्वका मुख्य कामहरू सार्वजनिक कूटनीति महाशाखाबाट तत्कालै र समयसमयमा मन्त्रालयको आधिकारिक वेबसाइट लगायत सामाजिक सञ्जाल ह्याण्डलहरूबाट प्रकाशन र प्रचारप्रसार भएका।

८२. मन्त्रालय र अन्तर्गतका निकायका अन्य नियमित कामहरू/सेवाहरू निरन्तर सम्पादन/प्रवाह भएका ।

**१०) सूचना अधिकारी र प्रमुखको नाम र पद:**

- **कार्यालय प्रमुख:** श्री अमृतबहादुर राई, परराष्ट्र सचिव
- **सूचना अधिकारी:** श्री उद्धव न्यौपाने, उपसचिव

## ११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- परराष्ट्र नीति, २०७७
- राहदानी ऐन, २०७६
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७
- गैर आवासीय नेपालीसम्बन्धी ऐन, २०६४
- गैर आवासीय नेपालीसम्बन्धी नियमावली, २०६६
- राहदानी नियमावली, २०७७
- राहदानी कार्यविधि, २०७८
- राहदानी निर्देशिका, (पहिलो संशोधन) २०७१
- नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८
- अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९
- कूटनीतिक आचारसंहिता, २०७७
- आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रम निर्देशिका, २०७१
- विदेशस्थित नेपाली नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७२
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूको बेरुजु फछ्र्यौट कार्यविधि, २०७२
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूको आन्तरिक नियन्त्रण कार्यप्रणाली निर्देशिका, २०७२
- विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३
- राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५
- विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९

## १२) आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेटसम्बन्धी अद्यावधिक विवरणः

| सि.नं. | निकाय | शीर्षक | ब.उ.शी.नं. | वार्षिक विनियोजित (रु. हजारमा) | पुस मसान्तसम्मको खर्च (रु. हजारमा) |
|---|---|---|---|---|---|
| १. | परराष्ट्र मन्त्रालय | चालु | ३२६०००११३ | ३,८१,६३२ | १८३३८२.५५ |
| २. | परराष्ट्र मन्त्रालय | पुँजीगत | ३२६०००११४ | १८,६७४ | २८११.६४ |
| ३. | विदेशस्थित नेपाली नियोगहरू | चालु | ३२६०००१२३ | ४६,०८,६०० | २८९३८४८.२६० |
| ४. | विदेशस्थित नेपाली नियोगहरू | पुँजीगत | ३२६०००१२४ | ११,५३,५०० | ३८७३४६.५ |

**१३) अघिल्लो आर्थिक वर्षमा मन्त्रालयले गरेको कार्यक्रमको विवरणः** यस सम्बन्धी विवरण बुँदा नं. ९ तथा मन्त्रालयको वार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिम हुने।

**१४) वेबसाइट भए सोको विवरणः**

परराष्ट्र मन्त्रालयको वेबसाइटः https://mofa.gov.np/

ट्विटरः https://twitter.com/MofaNepal/

फेसबुकः https://www.facebook.com/MOFANEPAL/

मन्त्रालय अन्तर्गतका निकायहरूको वेबसाइटको विवरण बुँदा नं. ३ र ४ मा उल्लेख गरिएको छ।

**१५) मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरणः** प्राप्त नभएको।

**१६) मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः** यस सम्बन्धी विवरण मन्त्रालयको वार्षिक प्रतिवेदन (Report on Nepal's Foreign Affairs) मा उल्लेख हुने। सो प्रतिवेदन मन्त्रालयको वेबसाइटमा राखिने।

**१७) यस मन्त्रालयमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विवरण**: यस मन्त्रालयमा प्राप्त सूचना मागसम्बन्धी निवेदन उपर तदारुकताकासाथ कार्यवाही गरी सम्बन्धितलाई यथाशीघ्र सूचना उपलव्ध गराउने गरिएको। साथै, इमेल तथा टेलिफोनबाट समेत माग भए अनुरुप सूचना प्रवाह गर्ने गरिएको।

**१८) मन्त्रालय र यसअन्तर्गतका निकायहरूको सूचना प्रकाशन**: परराष्ट्र मन्त्रालय र यस मातहतका निकायहरूले महत्त्वपूर्ण सूचनाहरू मन्त्रालयको वार्षिक प्रतिवेदन र त्रैमासिक बुलेटिन तथा प्रेस विज्ञप्ति, पत्रकार सम्मेलन, प्रिन्ट मिडियाहरू एवम् आ-आफ्ना वेबसाइट मार्फत प्रकाशन गर्दै आएका छन्। सो सम्बन्धी विस्तृत जानकारी बुँदा नम्बर ३ र ४ मा दिइएका वेबसाइटहरूबाट लिन सकिन्छ।

***